# युनेस्को र सम्वद्ध संघ, संस्थाहरूको संक्षिप्त परिचय

## २०७२

नेपाल सरकार
शिक्षा मन्त्रालय
युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय
सिंहदरवार, काठमाडौं ।
फो. नं. : ४२००५५९, ४२००५६०, फ्याक्स नं. ४२००५६१
ईमेल : unesco@nncu.wlink.com.np
वेवसाइट : www.nncu.org.np

| | | |
|---|---|---|
| प्रकाशक | : | युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय |
| संस्करण | : | पहिलो |
| © | : | प्रकाशक |
| प्रकाशन मिति | : | २०७२ फागुन २८ |
| प्रकाशन प्रति | : | १००० |
| मुद्रक | : | कोशी प्रिन्टिङ्ग प्रेस, बबरमहल, काठमाडौं । फोन नं. ४२२५६९६ |

# भुमिका

दोस्रो विश्व युद्धको सन्तापले अक्रान्त विश्वलाई आपसी शान्ति, मैत्री र विकासको माध्यमबाट समुन्नत गर्ने अभिप्रायले स्थापित संयुक्त राष्ट्रसङ्घको बहुआयामिक पहल मध्ये विश्वमा शिक्षा, विज्ञान, संस्कृति, सामाजिक तथा मानवीय र सञ्चार क्षेत्रमा अनुसन्धान, सशक्तिकरण र विकास गर्ने उद्देश्य सहित विशिष्टिकृत संस्थाको रूपमा स्थापित युनेस्को (UNESCO- United Nations Educational, Scientific and Cultural Organization) संयुक्त राष्ट्र सङ्घको एउटा विशिष्ट सङ्गठन हो । युनेस्कोका प्रत्येक सदस्य राष्ट्रले आफ्नो देशमा राष्ट्रिय आयोग गठन गरी सोही आयोग मार्फत सरकार र युनेस्कोबिच सञ्चार तथा समन्वय गर्ने गराउने, युनेस्कोबाट राष्ट्रले प्राप्त गर्ने सहयोगमा अभिवृद्धि गर्ने गराउने र युनेस्को सम्वद्ध कार्यक्रम कार्यान्वयन गर्ने गर्दछन् । नेपाल पनि उक्त सङ्गठनको सदस्य भएकोले यसै सन्दर्भमा युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको स्थापना भएको हो । यस आयोगको मुख्य नीति तथा कार्यक्रम भनेकै युनेस्कोका आदर्शहरूलाई स्थानीयस्तरसम्म पुर्याई शान्ति निर्माण, दिगो विकास, सबैका लागि गुणस्तरीय शिक्षा र सम्वृद्धिकालागि समुदायमा आधारित संस्थाहरू समेत परिचालन गरी स्थानीयस्तरसम्म पुर्‍याउनु हो । यस पक्षलाई मध्यनजर गरेर युनेस्कोको परिचय र नेपालमा यससँग सम्बन्धित क्रियाकलापहरू सञ्चालन गर्ने तौरतरिकाहरू सम्बन्धमा सरोकारवालाहरूलाई संक्षिप्त जानकारी गराउने प्रमुख उद्देश्य लिएर **युनेस्को र सम्वद्ध सङ्घ, संस्थाहरूको संक्षिप्त परिचय २०७२** प्रकाशन गरिएको छ। युनेस्कोका आदर्शहरू, उद्देश्यहरू, कार्यक्षेत्र, प्रमुख कार्यहरू, प्राथमिकताका क्षेत्रहरू, साझेदार संस्थाहरू लगायतका तथ्यमूलकहरू विषयरूह समावेस गर्नुका साथै युनेस्को सम्बद्ध विद्यालयहरूको सञ्जाल, युनेस्को क्लब, युनेस्को क्लबहरूको राष्ट्रिय महासङ्घ, युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग, युनेस्कोको सहभागितामूलक परियोजना आदि सम्बन्धमा यस पुस्तिकामा चर्चा गरिएको छ ।

एएसपीनेट विद्यालय, युनेस्को क्लब तथा क्लबहरूको राष्ट्रिय महासङ्घको सदस्यता प्राप्त गर्ने तरिका र सदस्यता प्राप्ति पछिको जिम्मेवारी एवम् दायित्व सम्बन्धमा जानकारी गराउँदै समसामयिक मुद्दाहरू र गुणस्तरीय शिक्षा प्राप्तिमा एएसपी नेट विद्यालयहरूले खेल्न सक्ने र खेल्नुपर्ने भुमिका जस्ता पक्षहरूलाई उजागर गर्ने प्रयास गरिएको छ । श्रमको सम्मान गर्ने प्रवृतिको विकास, कृषीमा आधारित रोजगारी, स्थानीय स्रोत तथा साधनलाई प्राथमिकता दिएर Low cost,

No cost मा आधारित क्रियाकलापहरूलाई यसमा जोड दिइएको छ । एएसपीनेट विद्यालय र युनेस्को क्लब जस्ता युनेस्कोसँग प्रत्यक्ष सरोकार राख्ने संस्थाहरूकालागि सहयोगी सामग्रीको रूपमा तयार गरिएको यो प्रकाशन युनेस्को अभियन्ता तथा युनेस्कोसँग चासो एवम् रूची राख्ने सबैका लागि उपयोगी हुने आशा गरिएको छ ।

विश्व शान्ति, मानव अधिकार, सबैका लागि गुणस्तरीय शिक्षा तथा दिगो विकासका गतिविधिहरूलाई उच्च प्राथमिकतामा राखेर प्रस्तुत गरिएको यस पुस्तिकाले युनेस्को क्लब, युनेस्को क्लबहरूको राष्ट्रिय महासङ्घ, एएसपीनेट विद्यालय जस्ता संस्थाहरू मार्फत यूवा, स्थानीय समुदाय, शिक्षक तथा विद्यार्थी परिचालनको माध्यमबाट शिक्षा, विज्ञान, संस्कृति, सामाजिक र आमसञ्चारको क्षेत्रसँग सम्बन्धित समसामयिक जागरणमूलक, चेतनामूलक, सन्देशमूलक गतिविधिहरू परियोजनाको रूपमा सञ्चालन गरेर ती क्षेत्रहरूको विकासमा सरोकारवालाहरूलाई जागरूक, उत्साहित एवम् प्रेरित गराएर Green, Clean, Peace and Safe जस्ता युनेस्कोका अभियानहरू स्थानीय तहसम्म प्रभावकारी रूपमा विस्तार गरि युनेस्कोको आदर्श तथा उद्देश्य प्राप्तिकालागि सहयोग पुर्‍याउने अपेक्षा राखिएको छ ।

**युनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय**
सिंहदरवार, काठमाण्डौ

# विषयसूची

## परिच्छेद - एक
## परिचय

१.१. युनेस्को ....... ९
१.२. युनेस्कोको आदर्शहरू ....... ९
१.३. युनेस्कोको उद्देश्यहरू ....... १०
१.४. युनेस्कोको विषयगत कार्यक्षेत्र र कार्यहरू ....... १०
१.५. युनेस्काको कार्यहरू ....... १२
१.६. युनेस्कोको हालको प्राथमिकताका क्षेत्रहरू ....... १३
१.७. युनेस्कोका कार्यविधिहरू ....... १३
१.८. युनेस्कोका साझेदार संस्थाहरू ....... १४
१.९. युनेस्कोको निमित्त राष्ट्रिय आयोग ....... १४
१.१०. राष्ट्रिय आयोगको उद्देश्य ....... १४
१.११. राष्ट्रिय आयोगले गर्ने कार्यहरू ....... १५
१.१२. राष्ट्रिय आयोगको कार्यविधिहरू ....... १५
१.१३. राष्ट्रिय आयोगको कार्य क्षेत्रहरू ....... १६
१.१४. राष्ट्रिय आयोगको भूमिका ....... १६
१.१५. युनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोग ....... १७
१.१६. नेपाल राष्ट्रिय आयोगका उद्देश्य तथा कार्य क्षेत्र ....... १८
१.१७. युनेस्को सम्वद्ध विद्यालय परियोजना संजाल ....... १८
१.१८. एएसपी नेटका उद्देश्यहरू ....... १९
१.१९. एएसपी संजालको प्रमुख कार्यहरू ....... २०
१.२०. एएसपी संजालका अध्ययन क्षेत्रहरू ....... २१
१.२१. एएसपी नेट राष्ट्रिय संयोजक ....... २१
१.२२. युनेस्को सम्वद्ध विद्यालयका शिक्षकको भूमिका ....... २२
१.२३. युनेस्को क्लब ....... २२
१.२४. युनेस्को क्लबका उद्देश्यहरू ....... २३

१.२५. युनेस्को क्लबका प्रमुख कार्यहरू.....२३
१.२६. युनेस्को क्लबको कार्यविधि.....२३
१.२७. युनेस्को क्लबका कार्य क्षेत्रहरू.....२३
१.२८. युनेस्को क्लब, संस्थाहरूको राष्ट्रिय महासङ्घ.....२४
१.२९. युनेस्को क्लबहरूको राष्ट्रिय महासङ्घको भूमिका.....२५

## परिच्छेद - दुई
## युनेस्कोसंग सम्बन्धन/आवद्धता

२.१. एएसपी नेटमा आवद्धता.....२६
२.२. एएसपी नेटमा प्रवेश गर्दा पाउने अवसरहरु.....२६
२.३. एएसपी संजालमा प्रवेश गर्ने विधि.....२६
२.४. एएसपी नेट विद्यालयका कार्यहरु.....२७
२.५. युनेस्को क्लबको गठन तथा सम्बन्धन.....२८
२.६. युनेस्को क्लबको भूमिका.....२९
२.७. युनेस्को क्लब गठन विधि.....२९
२.८. युनेस्को क्लबका कार्यहरु.....३०
२.९. राष्ट्रिय महासङ्घमा सम्बन्धनबाट प्राप्त हुने अवसरहरु.....३१
२.१०. युनेस्को क्लबहरुको राष्ट्रिय महासङ्घको सम्बन्धन.....३१

## परिच्छेद - तीन
## कार्य औजारहरू (Toolkit)

३.१. परियोजना.....३३
३.२. परियोजनाका लागि सम्भाव्य विषय क्षेत्र पहिचान.....३४
३.३. परियोजनाका लागि सम्भाव्य विषय क्षेत्र प्राथमिकीकरण.....३५
३.४. विषय क्षेत्रको पहिचान र प्राथमिकीकरणका लागि थप केही सुझाव.....३५
३.५. परियोजना छनौट तरिकाहरु.....३६
३.६. परियोजनाका केही उपयोगी विषय वस्तु तथा क्षेत्रहरू.....३७
३.७. परियोजना प्रस्ताव खाका.....३८

३.८. स्रोत व्यवस्थापन ........................................................................४०
३.९. परियोजना लेखन ........................................................................४०
३.१०. परियोजना प्रस्तुतीकरण ........................................................................४२
३.११. परियोजना स्वीकृति पछि कार्ययोजना परिमार्जन र प्रतिवेदन ................................४३
३.१२. परियोजना कार्यान्वयनका चरणहरु ........................................................................४४
३.१३. परियोजना कार्यान्वयनका लागि स्रोत कहाँबाट जुटाउने ........................................४५
३.१४. परियोजना अनुगमन ........................................................................४६
३.१५. परियोजना अनुगमन संयन्त्र ........................................................................४६
३.१६. परियोजना सम्पन्न प्रतिवेदन ........................................................................४७
३.१७. परियोजना सम्पन्न प्रतिवेदन खाका ........................................................................४७
३.१८. परियोजना सम्पन्न प्रतिवेदन तयारी ........................................................................४९
३.१९. परियोजना सम्पन्न प्रतिवेदनमा संलग्न गर्नै पर्ने प्रमाण ........................................४९
३.२०. आर्थिक प्रतिवेदन ........................................................................४९
३.२१. आर्थिक प्रतिवेदन तयारी ........................................................................४९
३.२२. आर्थिक प्रतिवेदनमा संलग्न गर्नै पर्ने प्रमाण ........................................................................४९
३.२३. एएसपी संजाल र युनेस्को क्लबले परियोजनाको लागि पाउने प्राविधिक परामश .......५०

## परिच्छेद - चार
## अन्य

४.१. युनेस्को सम्वद्ध उपयोगी स्रोत तथा सम्पर्क सूत्र ........................................................५१
४.२. युनेस्को सम्वद्ध नेपालको सम्पर्क सूत्र ........................................................................५२
४.३. सन्दर्भ सामाग्री ........................................................................५३
४.४. अनुसूचीहरु ........................................................................५४

# परिचय

## १.१ युनेस्को

युनेस्को विचारको प्रयोगशाला हो । यो विचारको पुस्तकालय हो । युनेस्को आर्थिक सहयोग दाता होईन । यसले त ज्ञान, विचार र प्रविधिको सहयोग प्रदान गर्छ ।

संयुक्त राष्ट्र सङ्घीय शैक्षिक वैज्ञानिक तथा सांस्कृतिक संगठनलाई छोटकरीमा युनेस्को भनिन्छ । युनेस्को शिक्षा, विज्ञान र संस्कृतिका माध्यमबाट विश्वमा शान्तिको स्थापना गर्न कार्यरत संयुक्त राष्ट्रसङ्घको विशिष्टिकृत संगठन हो । सन् १९४५ नोभेम्वर १६ मा स्थापना हुँदा शिक्षा, विज्ञान, संस्कृति सम्वद्ध संगठनको रूपमा स्थापित युनेस्कोले हाल आमसञ्चार, समाज तथा मानब विज्ञानलाई समेत आफ्नो कार्यक्षेत्र बनाएको छ । विश्वमा शिक्षा, विज्ञान, संस्कृति, आमसंचार र समाज तथा मानव विज्ञानका क्षेत्रमा अनुसन्धान, सशक्तीकरण र विकास गर्ने उद्‌देश्य सहित विशिष्टिकृत संस्थाको रुपमा युनेस्कोको स्थापना भएको हो । हाल सम्म युनेस्कोको सदस्यता १९५ मुलुकहरुले प्राप्त गरिसकेका छन् ।

शिक्षाको माध्यमबाट मानव मष्तिस्कमा शान्तिको विजारोपण गर्ने उद्‌देश्य राखेको युनेस्को सांस्कृतिक विविधता प्रति सम्मानमा अभिवृद्धि गर्ने, विज्ञान र प्रविधिका उपलव्धिलाई मानव कल्याण र शान्तिका लागि प्रयोग गराउने, आमसञ्चारका माध्यमको परिचालनद्वारा मानव अधिकारको प्रवद्‌र्धन गर्ने र मानव विकास तथा सामाजिक न्यायको प्रवद्‌र्धनद्वारा विश्वमा शान्ति, प्रगति र सम्वृद्धिको प्रवद्‌र्धन गर्ने समेतका उद्‌देश्य राखी बिश्वमञ्चमा कार्यरत रहेको छ । युनेस्को मूलतः विचार र प्रविधिको सहयोगद्वारा आफ्ना सदस्य राष्ट्रको शैक्षिक विकास, सांस्कृतिक संरक्षण, बिज्ञान र प्रविधिको विकास, आमसञ्चार जगतको परिचालनद्वारा सूचनाको हक र मानव अधिकारको प्रवद्‌र्धन र समावेशी, न्यायपूर्ण सामाजिक व्यवस्था तथा मानव विकासका अवसरमा समानुपातिक पहुँच सुनिश्चित गर्न प्रयासरत रहेकोछ ।

## १.२. युनेस्कोको आदर्शहरू

विश्वमा दीगो शान्ति र संम्बृद्धिकालागि युनेस्कोले निम्न आदर्शहरूलाई आत्मसात् गर्दै शिक्षा, विज्ञान, संस्कृति, मानव तथा समाज विज्ञान र संचार क्षेत्रमा संरक्षण सम्बद्‌र्धन र विकासका कामहरू गर्दै आएको छ ।

- शान्ति, मैत्री तथा आपसी सद्भाव,
- सहनशीलता,
- मानव अधिकारको सम्मान,
- सहकार्य र सामुहिक प्रयास,
- सामाजिक न्याय तथा उपलब्धिको न्यायोचित वितरण,
- रचनात्मक सिर्जनसिलताद्वारा शान्ति, प्रगति तथा सम्बृद्धिका प्रवद्र्धन र संस्थागत विकास
- सहअस्तित्व,
- प्रजातन्त्रको सुदृढीकरण,
- आधारभूत स्वतन्त्रताको सुनिश्चितता

## १.३. युनेस्कोको उद्देश्यहरू

- मानव मष्तिस्कमा शान्तिका आधारहरू निर्माण गर्ने,
- शिक्षा, विज्ञान, संस्कृति, आमसंचार र समाज तथा मानव बिज्ञानका क्षेत्रमा राष्ट्र राष्ट्रका वीच आपसी समभ्रूदारी र सहयोगको प्रवद्र्धन गरी विश्व शान्ति र सुरक्षा कायम गर्न योगदान गर्ने,
- मानव अधिकार, आधारभूत स्वतन्त्रता, कानूनी राज्य र न्याय प्रति विनाभेदभाव विश्वव्यापी सम्मानका प्रवद्र्धन गर्ने गराउने,
- स्वतन्त्र, निष्पक्ष र विश्वसनीय आमसंचारको प्रवद्र्धन गरी गराई आपसी समभ्रूदारी र सहकार्यको अभिवृद्धि गर्न अन्तर्राष्ट्रिय संभ्रूौताको सिफारिस गर्ने,
- विश्वका मानव जातिको शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सम्वन्धलाई मजवुत बनाउने,
- सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण एवं सम्वद्र्धन गर्ने,
- मानव प्रतिको सम्मान, मर्यादा र समानताको संरक्षण तथा सम्वद्र्धन गर्ने,
- बौद्धिक तथा नैतिकतामा आधारित शान्तिको प्रवद्र्धन गर्ने,
- विश्वमा प्रजातान्त्रिक व्यवस्थाको प्रवद्र्धन गर्ने,
- समानता र मर्यादामा आधारित शान्त, सुरक्षित र सम्बृद्ध विश्वको निर्माण गर्ने,

## १.४. युनेस्कोको विषयगत कार्यक्षेत्र र कार्यहरू

**(क) शिक्षा**

- सर्वपक्षीय सहभागिताको सुनिश्चितता गराई सबैको लागि शिक्षाको सान्दर्भिकता पुष्टि गर्ने गराउने,
- गरिवी निवारण, दीगो विकास र ज्ञानमा आधारित समाज विकासकालागि विज्ञान तथा प्रविधिमा आधारित गुणस्तरीय शिक्षाको प्रवद्र्धन गर्न अन्तर्राष्ट्रिय सहयोग र अवसरको पहिचान र परिचालन गर्ने,

- शिक्षामा समता र समानता सहितको सहभागिताका लागि चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने,
- दीगो विकासको लागि शिक्षाका मूल्य, मान्यता र अवधारणाहरूलाई प्रचार-प्रसार र क्षमता विस्तारका माधयमबाट मूलप्रवाहीकरण गर्ने,
- एएसपीनेट विद्यालयहरूको क्षमता विकास र परिचालनबाट हरित विद्यालय, हरित समुदाय, वातावरण शिक्षा, गुणस्तरीय एवम् सान्दर्भिक शिक्षाको प्रवर्द्धन गर्ने ।
- व्यावसायीक तथा प्राविधिक शिक्षाको प्रचार-प्रसार गरी सीप र रोजगारीकालागि प्रेरित गर्ने ।
- अनुसन्धान मार्फत नवीन ज्ञानको खोजीको निरन्तरता ।

**(ख) विज्ञान**

- दिगो विकास, पर्यावरण संरक्षण सम्बन्धी सन्देशमूलक कार्यक्रम संचालन गर्ने ।,
- बहुआयामिक र एकीकृत विकास प्रणालीको प्रवर्द्धनका लागि सम्बद्ध पक्षहरूलाई सशक्तिकरण गर्ने,
- हिमश्रृङ्खला, नदी, वेसी, स्वच्छ पानी र सिमसारको संरक्षण सम्बन्धी कार्य गर्ने,
- विज्ञान शिक्षालाई दीगो विकाससँग जोड्दै यसको विविध पक्षहरूमा पुनर्वलन गर्ने,
- प्रकोपको पूर्व तयारी र प्रकोप न्यूनीकरण सम्बन्धी सचेतना विस्तार गर्ने,
- वैज्ञानिक सूचना प्रणालीको प्रचार-प्रसार र क्षमता विकास गर्ने,
- अन्तर्राष्ट्रिय सम्पर्क र सहयोगद्वारा विज्ञानसँग सम्बन्धित युनेस्को सम्बद्ध संस्थाहरूको सवलीकरण गर्ने ।

**(ग) मानव तथा सामाज विज्ञान**

- सभ्यताहरू र संस्कृतिहरूका बीच सम्वाद गरी गराई सामाजिक समावेशीकरण र सामाजिक रूपान्तरणलाई सहयोग गर्ने,
- युवा विकास र परिचालन,
- विज्ञान र प्रविधि सम्बन्धी प्रयोगमा नैतिक मूल्यको प्रत्याभूति,
- ज्ञान संजालको विस्तार र अनुसन्धान,
- मानव अधिकार ।

**(घ) संस्कृति**

- संस्कृतिमा आधारित विकास,
- प्राकृतिक सम्पदाको अध्ययन, अनुसन्धान र विकास,

- मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाको अध्ययन, अनुसन्धान सम्बद्र्धन र विकास,
- सांस्कृतिक विविधताको बीच एकताको विकास र अन्तरसांस्कृतिक समझदारीको प्रवद्र्धन,
- विश्व सम्पदाका रुपमा मान्यता प्राप्त प्राकृतिक तथा सास्कृतिक धरोहरहरुको संरक्षण, सम्बद्र्धन गर्ने र मुलुक भित्रका प्राकृतिक तथा सास्कृतिक महत्वका स्थानहरुको पहिचान गरी विश्वमा परिचित गराउने ।

**(ङ) सूचना तथा संचार**

- विश्वसनीय, भरपर्दो र सर्वसुलभ संचारको विकासबाट सूचनाको हकको प्रत्याभूति गर्ने कार्यमा सहयोग पुऱ्याउने,
- उन्नत संचारको माध्यमबाट ज्ञानमा आधारित समाज विकासमा सहयोग,
- युनेस्कोको कार्य क्षेत्रभित्रका अन्य विषयमा सचेतक र सहजकर्ताको रूपमा संचार माध्यमहरुको सहयोग प्रवद्र्धन गर्ने,
- संचारकर्मीहरुको पेशागत क्षमता विकास सम्बन्धी कार्यक्रम संचालन गर्ने ।

## १.५. युनेस्काको कार्यहरू

- युनेस्कोको अगुवाईमा भएका र हुने अन्तर्राष्ट्रिय सन्धी, महासन्धीको पक्ष राष्ट्र बन्न सदस्य राष्ट्रलाई अभिप्रेरित गर्ने,
- पारित अन्तर्राष्ट्रिय सन्धी, महासन्धीको कार्यान्वयनको अनुगमन गर्ने,
- विश्व शान्तिको निर्माणकालागि अन्तर्राष्ट्रियस्तरमा पैरवी गर्ने,
- विश्वमा शिक्षा, विज्ञान, संस्कृति, आमसंचार र समाज तथा मानव विज्ञानको विकासका लागि विभिन्न कार्यक्रम निर्माण सञ्चालन र प्रसार गर्न सदस्य राष्ट्रलाई परिचालन गर्ने,
- विश्वमा ज्ञानमा आधारित समाजको विकास र विस्तार गर्ने,
- विश्वमा शिक्षा, विज्ञान, संस्कृति, आमसंचार र समाज तथा मानव विज्ञानका क्षेत्रमा हासिल भएका उपलब्धि आम मानवको कल्याणमा प्रयोग गराउन पैरवी तथा विश्व समुदायलाई परिचालन गर्ने,
- विश्वमा शिक्षा, विज्ञान, संस्कृति, आमसंचार र समाज तथा मानव विज्ञानका क्षेत्रमा हासिल भएका उपलब्धिको अभिलेखीकरण गर्ने, तिनमा सार्वजनिक पहुँचको सुनिश्चित गर्ने,
- अविकसित तथा पछाडि परेका सदस्य राष्ट्र र क्षेत्रको विकासकालागि अन्तर्राष्ट्रिय समुदाय तथा स्रोतको परिचालन गर्ने गराउने,
- सार्वजनिक सरोकारका विषयमा विश्व अभिमत निर्माण र प्रचार प्रसार गरी सामुहिक हितको प्रवद्र्धन गर्ने गराउने,
- आफ्नो विषय क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने,

- कार्यक्रम कार्यान्वयन गर्ने गराउने,
- सदस्य राष्ट्रको आवश्यकता र संगठनको विशेषज्ञताका आधारमा आवश्यक प्राविधिक तथा बौद्धिक सहयोग उपलब्ध गराउने आदि ।

## १.६. युनेस्कोको हालको प्राथमिकताका क्षेत्रहरू

युनेस्कोले हाल विश्वमा शान्ति, प्रजातन्त्र र विकासलाई दिगो र पर्यावरणमैत्री बनाउन निम्न विषय क्षेत्रलाई प्राथमिकतामा राखेको छ :

- एक्काईसौ सताब्दीको लागि गुणस्तरीय शिक्षाको विकास र विस्तार,
- विचार र अभिव्यक्ति स्वतन्त्रताको प्रवर्द्धन,
- सम्पदा संरक्षण र सिर्जनशीलता प्रवर्द्धन,
- साथसाथै बाँच्न र बस्न सिक्ने,
- ज्ञानमा आधारित समाजको निर्माण र विस्तार,
- एक विश्व एक समुद्र,
- दिगो भविष्यकालागि विज्ञान,
- लैंङ्गिक समता र समानता,
- दिगो विकासकालागि शिक्षा,
- एच.आइ.भी र एड्स र संक्रमणकारी रोगको फैलावट रोकथाम,
- अन्तरसांस्कृतिक सम्वाद र सहकार्य प्रवर्द्धन,
- युवा सशक्तीकरण र परिचालन,
- पर्यावरण संरक्षण र नकारात्मक असर न्यूनीकरण, आदि ।

## १.७. युनेस्कोका कार्यविधिहरू

- आफ्नै स्रोत र साधनमा कार्यक्रम संचालन गर्ने,
- सदस्य राष्ट्रको स्रोत र साधनमा कार्यक्रम संचालन गर्ने,
- सहभागितामूलक रुपमा कार्यक्रम संचालन गर्ने,
- अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संस्था परिचालन गर्ने,
- बौद्धिक तथा प्राविधिक सहयोग प्रदान गर्ने तथा संयोजन गर्ने,
- उत्कृष्ट नमूना निर्माण तथा हस्तान्तरण गर्ने,
- सदस्य राष्ट्रकालागि साझा मञ्चको व्यवस्था गरी पहुँच बढाउने,
- सदस्य राष्ट्रका वीच सहकार्य बढाउने, आदि ।

## १.८. युनेस्कोका साझेदार संस्थाहरू

युनेस्कोको आदर्श र उद्देश्य प्राप्तिका लागि युनेस्कोले विभिन्न प्रकार र प्रकृतिका संस्थाहरूसँग साझेदारी गरी तिनलाई परिचालन गर्दछ । विश्वव्यापी चुनौतीको सामना गर्न र दिगो तथा स्थायी उपलब्धी हासिल गर्न साझेदारी कार्य मुख्य माध्यमका रूपमा अंगालिएको छ । युनेस्कोले अन्तर्राष्ट्रिय, क्षेत्रीय र देशीय रूपमा कार्य गर्दा साझेदारितालाई प्राथमिकतापूर्वक अंगालेको पाइन्छ । यसका साझेदार संस्थाहरु निम्नानुसारका रहेका छन्ः

१. गैरसरकारी संस्थाहरू,
२. अन्तरसरकारी संस्थाहरू,
३. निजी क्षेत्र,
४. विश्वव्यापी संजाल (संयुक्त राष्ट्र सङ्घका अंग तथा विशिष्टिकृत संस्थाहरू, अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संगठनहरू, अन्तर्राष्ट्रिय तथा क्षेत्रीय वित्तीय संगठन र संस्थाहरू आदि)
५. संचार जगत,
६. सदस्य राष्ट्रको सरकार,
७. एएसपी नेट
८. युनेस्को क्लव, केन्द्र आदि संस्थाहरू र त्यसका आधिकारिक राष्ट्रिय महासङ्घ, आदि ।

## १.९. युनेस्कोको निमित्त राष्ट्रिय आयोग

युनेस्कोको सदस्यता प्राप्त गर्ने राष्ट्रले सदस्यको आधारभूत दायित्व अन्तर्गत युनेस्को प्रधान कार्यालय र सम्वन्धित राष्ट्रको सरकारका वीच सम्पर्क विन्दुको कार्य गर्नका लागि एक युनेस्कोको निमित्त राष्ट्रिय आयोगको स्थापना गर्नु पर्ने युनेस्कोको विधानमा व्यवस्था रहेको छ । यहि व्यवस्था अनुसार युनेस्को सदस्य राष्ट्रले आफ्नो देशमा युनेस्कोको आदर्श, मूल्य र मान्यताहरुलाई कार्यान्वयन गर्न र सदस्य राष्ट्रहरुबीच समन्वय गर्ने अभिप्रायले एक युनेस्कोको निमित्त राष्ट्रिय आयोगको व्यवस्था गर्दछन् ।

## १.१०. राष्ट्रिय आयोगको उद्देश्य

मूलतः युनेस्कोको आदर्शलाई स्थानीयस्तरसम्म विस्तार गरी युनेस्कोद्वारा सिर्जित अवसर हरूको उपयोग गरी राष्ट्रमा शिक्षा, विज्ञान, संस्कृति, आमसंचार र समाज तथा मानव विज्ञानको क्षेत्रमा उल्लेख्य विकास प्राप्त गर्ने कार्यमा योगदान गर्नु नै युनेस्कोको निमित्त राष्ट्रिय आयोगको उद्देश्य हो । यसका साथै युनेस्को र सम्वन्धित राष्ट्रको सरकारका वीच प्रभावकारी संचार र सहयोग सुनिश्चित गर्नु गराउनु आयोगको उद्देश्य हो ।

## १.११. राष्ट्रिय आयोगले गर्ने कार्यहरू

युनेस्कोको निमित्त राष्ट्रिय आयोगले आफ्नो निर्धारित उद्‌देश्य प्राप्तिकालागि सरकारबाट निर्धारित कार्यक्षेत्रका आधारमा निम्न कार्य गर्ने गर्दछ:

- सम्वद्‌ध राष्ट्रको सरकार र युनेस्को प्रधान कार्यालय पेरिस तथा युनेस्को सम्वद्‌ध निकायका वीच सम्पर्क विन्दुको रूपमा कार्य गर्ने,
- युनेस्कोको कार्यक्षेत्र र कार्यक्रमका विषयमा जानकारी हासिल गरी सम्वन्धित निकायमा जानकारी गराउने, युनेस्को सदस्य राष्ट्रको दायित्व अनुरूप सरकारबाट सम्पादित कार्यक्रमका सम्वन्धमा युनेस्कोलाई आवश्यक जानकारी गराउने,
- शिक्षा, विज्ञान, संस्कृति, आमसंचार र समाज तथा मानव विज्ञानका क्षेत्रमा युनेस्कोबाट आर्थिक तथा प्राविधिक लगायतका सहयोग प्राप्त गर्ने,
- युनेस्को महासभा, कार्यकारिणी समिति, विषय समिति र विशेष समितिमा राष्ट्रको प्रतिनिधित्व गर्ने गराउने,
- विश्व सम्पदासूचीमा आफ्नो राष्ट्रका सम्पदाहरू सूचिकृत गराउने सम्वन्धमा आवश्यक कार्य गर्ने गराउने तथा सूचिकृत भैसकेका सम्पदाको संरक्षण तथा सम्वर्द्धनका लागि आवश्यक पैरवी तथा कार्य गर्ने गराउने,
- सम्बद्‌ध राष्ट्र पक्ष बनेका युनेस्को अभिसन्धीहरूको अभिलेखीकरण गर्ने र पक्ष बन्नु पर्ने अभिसन्धीहरूका सम्वन्धमा सरकारलाई आवश्यक सिफारिस गर्ने,
- युनेस्को र सम्वद्‌ध क्षेत्रीय तथा देशीय संस्थाहरूसंग सम्वन्ध स्थापना, विस्तार र सहयोग आदान प्रदान गर्ने,
- युनेस्कोको आदर्शको प्रचार प्रसार गर्ने,
- युनेस्कोको आदर्श प्राप्तिकालागि कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने,
- युनेस्कोको नाम, एक्रोनेम, लोगो, इन्टरनेट डोमिन नेमको प्रयोग गर्न आवश्यक व्यवस्थाको लागि सरकारलाई सिफारिस गर्ने,
- युनेस्कोको नाम, एक्रोनेम, लोगो, इन्टरनेट डोमिन नेमको प्रयोगका सम्वन्धमा अनुगमन गर्ने, दूरूपयोग गर्नेमाथि आवश्यक कारवाहीकालागि सम्वद्‌ध निकायमा सिफारिस गर्ने,
- युनेस्कोबाट उपलव्ध हुने अवसरहरूमा सम्वद्‌ध राष्ट्रको पहुँच बृद्धि गरी राष्ट्रमा शान्ति, प्रगती र सम्वृद्धि प्राप्त गर्न आवश्यक कार्य गर्ने,

## १.१२. राष्ट्रिय आयोगको कार्यविधिहरू

युनेस्कोको निमित्त राष्ट्रिय आयोगका कार्यहरू निम्न बमोजिमका तौर तरिकाबाट गर्ने गरिन्छ :

- आफ्नो राष्ट्रको ऐन नियम, नीति, वार्षिक तथा आवधिक योजनाहरु र युनेस्कोको विधान, विभिन्न अन्तर्राष्ट्रिय प्रतिवद्‌धता तथा संझौताहरू र आवधिक तथा द्वैवार्षिक कार्यक्रमहरू समेतका आधारमा आवधिक र बार्षिक कार्यक्रम तयार गर्ने,

- स्वीकृत आवधिक र बार्षिक कार्यक्रमका लागि सरकारबाट बजेट प्राप्त गरी कार्यान्वयन गर्ने,
- आफैले स्रोत साधन संकलन गरी कार्यक्रम गर्ने गराउने,
- द्विपक्षीय तथा वहुपक्षीय सहयोग प्राप्त गरी कार्यक्रम कार्यान्वयन गर्ने गराउने,
- एएसपी नेट, युनेस्को क्लव तथा युनेस्को क्लबको राष्ट्रिय महासङ्घ लगायतका गैर सरकारी संस्था परिचालन गर्ने गराउने
- राष्ट्रिय, क्षेत्रिय र अन्तर्राष्ट्रिय युनेस्को सम्वद्ध संस्था र स्थानीय गैर सरकारी संस्थाहरूसंग सहकार्यमा कार्यक्रम संचालन गर्ने,
- विभिन्न संस्थाहरूको सामाजिक दायित्व अन्तर्गत स्रोत साधन प्राप्त गरी कार्यक्रम गर्ने गराउने
- युनेस्को सहभागितामूलक परियोजनाका रूपमा कार्यक्रम संचालन गर्ने गराउने,

## १.१३. राष्ट्रिय आयोगको कार्य क्षेत्रहरू

शिक्षा, विज्ञान, संस्कृति, आमसञ्चार र समाज तथा मानव विज्ञानलाई युनेस्कोको मुख्य विषय कार्य क्षेत्रको रूपमा पहिचान गरिएको छ । शान्ति, बिकास, समानता लगायत मानव, जीव र ब्रह्माण्डको हितसँग सम्वद्ध सवै विषयहरू युनेस्कोको कार्य क्षेत्र हुन ।

## १.१४. राष्ट्रिय आयोगको भूमिका

युनेस्कोको आदर्शको प्रवर्द्धनमा युनेस्कोको निमित्त राष्ट्रिय आयोगहरूले निम्न भूमिका खेल्नु पर्दछ:

- सम्पर्क विन्दु,
- कार्यक्रम कार्यान्वयनकर्ता,
- समन्वयकर्ता,
- सहजकर्ता,
- परामर्शदाता,
- उत्प्रेरक,
- अनुगमनकर्ता,
- नियमक,
- अभिलेखनकर्ता,
- पैरवीकर्ता,
- प्रमाणीकरणकर्ता, आदि

## १.१५. युनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोग

नेपालले युनेस्कोको सदस्यता प्राप्त गरे पछि युनेस्कोको सदस्य राष्ट्रको दायित्व अन्तर्गत तत्कालीन नेपाल सरकारको मिति २०११।४।७ को निर्णयानुसार शिक्षा मन्त्रीको अध्यक्षतामा युनेस्कोको लागि नेपाल अन्तरिम राष्ट्रिय आयोगको गठन भएको थियो । तत्कालीन श्री ५ को सरकारको मिति २०२०।१।९।२ निर्णयानुसार शिक्षा मन्त्रीको अध्यक्षतामा यो अन्तरिम राष्ट्रिय आयोगलाई युनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोगको रूपमा पुर्नगठन गरिएको थियो । बि.सं. २०२० को विधानलाई व्यवस्थित र समसामयीक बनाउन युनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोगको विधान २०३१ तत्कालीन श्री ५ को सरकार मन्त्री परिषद्को मिति २०३१।२।४ को निर्णय अनुसार लागु भइआएको छ । यस विधानमा समय-समयमा समसामयिक संशोधन हुने गरेको छ

युनेस्को प्रधान कार्यालयकै सांगठनिक संरचना अंगालेको नेपालको राष्ट्रिय आयोगको सर्वोच्च तथा विधायिकी निकायको रूपमा आयोग, कार्यकारिणी निकायको रूपमा कार्यकारिणी समिति र प्रशासनिक निकायको रूपमा सचिवालय रहेका छन् । माननीय शिक्षा मन्त्रीको अध्यक्षतामा गठित राष्ट्रिय आयोगमा शिक्षा सचिव पदेन महासचिव रहने व्यवस्था छ । नेपाल सरकार शिक्षा मन्त्रालयबाट खटाईएका निजामती कर्मचारी र आयोगले बार्षिक रूपमा अस्थायी र करार सेवामा नियुक्त गरेका कर्मचारीबाट सचिवालय संचालित छ । आयोग र कार्यकारिणी समितिको अध्यक्षता माननीय शिक्षा मन्त्रीबाट हुन्छ भने सचिवालयको प्रमुख पदाधिकारीका रूपमा शिक्षा सचिवले महासचिवको कार्य सम्पादन गर्ने व्यवस्था छ । महासचिवको कार्यमा सहयोग गर्नकालागि नेपाल सरकारको राजपत्रांकित प्रथम श्रेणीको पदबाट अवकाश प्राप्त र युनेस्को सम्वद्ध जानकार व्यक्तिलाई ४ बर्षको लागि आयोगको अध्यक्षाले सचिवालयको सहायक महासचिव पदमा नियुक्त गर्ने व्यवस्था छ ।

आयोगको सचिवालयले नेपाल सरकारले बार्षिक रूपमा उपलव्ध गराउने एकमुष्ट अनुदान रकमबाट विभिन्न कार्यक्रमहरू संचालन गरिआएको छ । सचिवालयले युनेस्को पेरिसको सहभागितामूलक परियोजना अन्तर्गत द्वैवार्षिक रूपमा विभिन्न परियोजना संचालनार्थ पेरिसबाट प्राप्त हुने सहयोग परिचालन, अनुगमन, मूल्यांकन, प्रतिवेदन लेखन लगायतका कार्यहरू गरिआएको छ । सचिवालयले एएसपी नेट सम्वद्ध विद्यालय, युनेस्को क्लव, केन्द्र, विभिन्न गैरसरकारी संस्था, अन्य राष्ट्रका राष्ट्रिय आयोगहरू, युनेस्कोको क्षेत्रीय व्यूरो र देशीय कार्यालय, युनेस्को आवद्ध अन्तर्राष्ट्रिय र क्षेत्रीय संस्थाहरूसंग सहकार्य गरी युनेस्को सम्वद्ध विबिध कायक्रम संचालन गरिआएको छ ।

आयोगले युनेस्कोको विधान तथा नेपाल सरकारको नीति निर्देशन अनुसार क्षमता विकास, पैरवी, कार्यक्रम सञ्चालन, सामाजिक परिचालन, सहजीकरण, नियमन, अनुगमन, प्रतिवेदन लेखन लगायतका कार्यहरू गर्ने गर्दछ ।

## १.१६. नेपाल राष्ट्रिय आयोगका उद्देश्य तथा कार्य क्षेत्र

युनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोगको विधान २०३१ (संशोधन सहित) को दफा ४ मा उल्लेख भए बमोजिम शिक्षा, विज्ञान र संस्कृतिको माध्यमद्वारा संयुक्त राष्ट्रसङ्घको घोषणा पत्रमा उल्लिखित उद्देश्य अनुरूप युनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोगको उद्देश्य निम्न अनुसार छन्:

- शिक्षा, विज्ञान, संस्कृति, आमसञ्चार तथा सामाजिक कार्यक्रमको माध्यमद्वारा नेपाली जनताको आर्थिक, सामाजिक एवं बौद्धिक विकास गर्ने,
- शिक्षा, संस्कृति, विज्ञान, आमसंचार तथा सामाजिक क्षेत्रमा अध्ययन अनुसन्धान, तालीम, गोष्ठी, सभा, सम्मेलन आदि गर्ने गराउने,
- आफ्नो देशको गौरवमय संस्कृतिको वैभवलाई विश्वका अन्य राष्ट्रहरूमा आफ्नो साधनले भ्याएसम्म परिचित गर्ने, गराउने,
- युनेस्कोको उद्देश्य एवं कार्यक्रमहरूको प्रचार-प्रसार गरी सर्वसाधारण जनता समक्ष पुऱ्याउने,
- अन्तर्राष्ट्रिय एवं क्षेत्रीयस्तरमा युनेस्कोबाट संचालित कार्यक्रममा सघाउ पुऱ्याउने,
- युनेस्कोको सहयोगमा संचालित राष्ट्रिय तथा क्षेत्रीय विकास आयोजना एवं कार्यक्रमहरूको कार्यान्वयनमा सहयोग पुऱ्याउने ।

माथी उल्लेखित कार्यहरुको साथै आयोगले निम्नानुसारको कार्यहरुलाई पनि सम्पादन गर्ने गर्दछ ।

- युनेस्को पुरस्कारकालागि सिफारिस,
- अन्तर्राष्ट्रिय दिवस तथा उत्सव मनाउने,
- युनेस्कोको नाम, एक्रोनेम, ईन्टरनेट डोमिन नेम, लोगो प्रयोग र अनुगमन,
- युनेस्को छात्रवृत्ति तथा कार्यक्रमहरूमा सहभागि मनोनयन,
- युनेस्को चेयर, एएसपी नेट, युनेस्को क्लव तथा त्यसका राष्ट्रिय महासङ्घ,
- साझेदारी प्रवर्द्धन,
- युनेस्को सम्वद्ध विषयमा अध्ययन अनुसन्धान, आदि

## १.१७. युनेस्को सम्वद्ध विद्यालय परियोजना सञ्जाल
## (Associated School Porject Network- ASPNet)

एएसपी नेट युनेस्को सदस्य राष्ट्रका विद्यालयहरु को विश्वव्यापी संजाल हो । यस संजालमा आवदध विद्यालयहरू युनेस्कोको आदर्श प्रति प्रतिवदध भई शान्ति र गुणस्तरीय शिक्षाको प्रवर्द्धनकालागि कार्यरत रहन्छन् ।

युनेस्कोले आफ्ना आदर्शलाई व्यवहारमा उतार्नका लागि सहभागितात्मक रूपमा कार्यहरु सञ्चालन गरी आएको छ । युनेस्कोले विद्यालयलाई आफ्ना आदर्श प्राप्तिका लागि सहयात्री तथा सहभागी संस्थाको रूपमा पहिचान गरी युनेस्को सम्बद्ध विद्यालय परियोजना संजाल (ASPnet) को प्रवर्धन गरिआएको छ ।

युनेस्को सम्बद्ध विद्यालय परियोजना संजाल (ASPNet) युनेस्कोको आदर्श र उद्देश्य प्रति प्रतिवद्ध विद्यालय, शिक्षक तथा विद्यार्थीहरुको साझा संजाल हो । युनेस्कोको उद्देश्य तथा कार्यक्रम प्रति प्रतिवद्ध भई देश भित्रका र अन्य राष्ट्रका विद्यालयहरुसंग आपसी सम्पर्क संजाल स्थापना गरी ऐक्यवद्धता र भाइचारा स्थापित गर्ने विद्यालयलाई **"युनेस्को सम्बद्ध विद्यालय"** भनी परिभाषित गरिएको छ ।

शान्तिपूर्ण, हिंसारहित, समुन्नत प्रजातान्त्रिक तथा न्यायपूर्ण विश्व निर्माणका लागि शिक्षाको भूमिकालाई बढी सशक्त बनाई सचेत, सक्षम र सक्रीय युवा वर्ग तयार पार्नु र क्रियाशील बनाउनु युनेस्को सम्बद्ध विद्यालय परियोजनाको लक्ष्य हो । यस संजाल अन्तर्गत निजी तथा सरकारी स्तरका साधारण तथा प्राविधिक विद्यालयहरू, शिक्षक तालिम केन्द्र, व्यावसायिक विद्यालयहरू तथा महाविद्यालयहरु सहभागी हुन पाउँदछन् ।

विद्यालय र विद्यार्थीहरू मार्फत युनेस्कोको आदर्शहरूलाई समाजको सबै तह र तप्कामा पुऱ्याई समझदारी, सहनशीलता, सहयोग र सहकार्यको गर्दै शान्ति र प्रगती सुनिश्चित गर्ने दिशामा यो संजाल कार्यरत रहेको छ ।

सन् १९५३ मा १५ देशका ३३ वटा विद्यालय आवद्ध भै शुरू भएको यस संजालमा सन् २०१४ सम्म विश्वका १८१ भन्दा बढी देशका करिव ९९०० विद्यालयहरू आवद्ध छन् ।

अभिलेख अनुसार नेपाल सन् १९६९ मा एएसपी नेटमा प्रवेश भएको देखिन्छ । उक्त समयमा नेपालका ४ वटा विद्यालय समावेश भएकोमा सन् २०१५ सम्म ९१ वटा विद्यालय यसमा आवद्ध भै युनेस्को प्रधान कार्यालय पेरिसबाट प्रमाण पत्र प्राप्त गरिसकेका छन् ।

## १.१८. एएसपी नेटका उद्देश्यहरू

युनेस्कोको आदर्श प्राप्तिकालागि विद्यार्थी, शिक्षक, अभिभावक, स्थानीय समुदाय मिलेर विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने नै यस संजालको मूल उद्देश्य हो । यसका साथै सञ्जालको अन्य उद्देश्य निम्न रहेका छन्:

- युनेस्कोको आदर्श र उद्देश्य प्राप्तिकालागि बिद्यालयहरूका वीच सहकार्य र सहयोगको संस्कृति विकास गर्ने,
- युनेस्को सम्वद्ध बिषयमा कार्यक्रमहरू संचालन गर्ने,
- संयुक्त राष्ट्र सङ्घ र युनेस्को सम्वद्ध विषयमा जनचेतना वृद्धि तथा नागरिक सक्रियता बढाउने,

- शिक्षा, विज्ञान, संस्कृति, आमसञ्चार र समाज तथा मानव विकासका विषयमा विद्यालयहरूका वीच सहकार्य गरी अनुभवको आदानप्रदान गर्ने,
- विद्यालय र शिक्षा बिकासका सम्वन्धमा उत्कृष्ट अनुभव तथा कार्यहरू आदान प्रदान गर्ने,
- विश्व शान्तिका लागि विद्यार्थी, शिक्षक र विद्यालयहरू परिचालन गर्ने,
- शिक्षाका माध्यमद्धारा अन्तरसांस्कृतिक संवाद र सम्मानको गरी मानव हितको गर्ने,
- शिक्षाको माध्यमबाट दिगो विकास सुनिश्चित गर्नु,
- गुणस्तरीय सवैका लागि शिक्षा, दिगो विकासकालागि शिक्षा, शान्ति शिक्षा जस्ता युनेस्कोको विश्वव्यापि आन्दोलनका उद्देश्य हासिल गर्न सहयोग गर्ने, आदि ।

## १.१९. एएसपी नेटको प्रमुख कार्यहरू

एएसपी संजालका उद्देश्य प्राप्तिकालागि संजालमा संलग्न विद्यालयहरूले निम्न कार्यहरू गर्नु पर्ने मान्यता र प्रचलन छः

१. शिक्षा, विज्ञान, संस्कृति, आमसंचार र मानव तथा समाज विज्ञान लगायत युनेस्को सम्वद्ध विषयमा विभिन्न कार्यक्रम संचालन गरी विश्व शान्ति, मानव अधिकारको संरक्षण, सांस्कृतिक सदभावको प्रवर्द्धन गर्ने,

२. सवैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न विद्यालयमा विभिन्न कार्यक्रम कार्यान्वयन गर्ने,

३. युनेस्को विषय क्षेत्रमा नव प्रवर्तनहरूको प्रवर्द्धन गरी सो को प्रचार प्रसार तथा अनुकरणका लागि उत्प्रेरित गर्ने,

४. शिक्षाको गुणस्तर बृद्धि, स्थानीय वातावरण संरक्षण, अन्तरसांस्कृतिक समन्वयको प्रवर्द्धन, जलवायू परिवर्तनको असर न्यूनीकरण, दिगो विकास लक्ष्य सम्वद्ध विषय आदिमा लघू परियोजना तयार गरी कार्यान्वयन गर्ने,

५. विद्यार्थी, शिक्षक र समुदाय वीच युनेस्को सम्वद्ध विषयमा छलफल कार्यक्रम संचालन गर्ने,

६. विद्यार्थी र विद्यालयको सक्रियतामा स्थानीय समुदाय सवलीकरण गरी मानव हितकालागि परिचालन गर्ने,

७. अनुभव तथा उदाहरणीय कार्यहरू आदान प्रदान गर्ने,

८. सभा, सम्मेलन, तालीम लगायतका कार्यक्रम सञ्चालन गर्ने,

९. शैक्षिक भ्रमण, अध्ययन भ्रमण आदि आयोजना गर्ने,

१०. संयुक्त राष्ट्रसङ्घ र युनेस्को सम्वद्ध दिवसहरू मनाई जनचेतना वृद्धि तथा नागरिक सक्रियता बढाउने, आदि ।

उपरोक्त कार्यहरू संजालमा संलग्न विद्‌यालयले आफ्नै स्रोत, संयुक्त लगानी वा अन्य संस्थाको अनुदान सहयोगमा विद्‌यार्थी, शिक्षक र स्थानीय समुदायको सहभागितामा परियोजना संचालन गर्नु पर्दछ ।

## १.२०. एएसपी नेटका अध्ययन क्षेत्रहरू

१. विश्वका समसामायिक मुद्दाहरू र संयुक्त राष्ट्रसंङ्घीय प्रणाली (World Concerns and the United Nations System)

२. मानव अधिकार र प्रजातन्त्र (Human Rights and Democracy)

३. अन्तरसांस्कृतिक अध्ययन (Intercultural Study)

४. वातावरणीय सवालहरु (Environmental issues)

एएसपी संजालमा आवद्ध हुन भरिने आवेदनमा आवेदक बिद्‌यालयले उल्लिखित चार अध्ययन क्षेत्र मध्ये कुनै एक क्षेत्रमा परियोजना तयार गरी कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गर्नु पर्दछ । प्रतिवद्धता अनुसार परियोजना संचालन गरी सो को प्रतिवेदन एएसपी संजाल राष्ट्रिय संयोजक मार्फत युनेस्कोको निमित्त राष्ट्रिय आयोगको सचिवालय र युनेस्को प्रधान कार्यालयस्थित एएसपी संजाल अन्तर्राष्ट्रिय संयोजकलाई समेत दिनु पर्नेछ ।

## १.२१. एएसपी नेट राष्ट्रिय संयोजक (ASPnet National Coordinator)

युनेस्को सदस्य राष्ट्रका एएसपी नेटमा आवद्‌ध विद्‌यालयहरूमा कार्यरत वा अवकाश प्राप्त प्रधानाध्यापक र प्राचार्य वा शिक्षक मध्ये युनेस्को सम्वन्धी जानकारी भएको वा युनेस्को सम्वद्‌ध क्षेत्रमा योगदान गरेका व्यक्ति मध्येबाट एक जना उपयुक्त व्यक्तिलाई सम्वन्धित राष्ट्रको युनेस्कोको निमित्त राष्ट्रिय आयोगका महासचिवले एएसपी नेट राष्ट्रिय संयोजकका रूपमा निश्चित समय तोकी नियुक्ति गर्ने प्रचलन छ । एएसपी नेट राष्ट्रिय संयोजक अवैतनिक पद हो जसमा नियुक्त हुने व्यक्तिले कुनै पारिश्रमिक वा विशेष सुविधा प्राप्त गर्ने छैनन् ।

राष्ट्रिय संयोजकले आफ्नो राष्ट्रका र अन्य राष्ट्रका एएसपी नेटमा आवद्‌ध विद्‌यालयहरू, युनेस्को तथा सो संग सम्वद्‌ध संस्थाहरूका वीच सम्पर्क विन्दुको कार्य गरी समन्वय र सहकार्यको प्रवर्द्धन गर्ने कार्य गर्दछन् । तीनले एएसपी संजालमा आवद्‌ध विद्‌यालयहरू र युनेस्कोको निमित्त राष्ट्रिय आयोगकावीच सम्पर्क विन्दुका रूपमा कार्य गर्नुकासाथै अन्तर्राष्ट्रिय मञ्चहरूमा युनेस्कोको निमित्त राष्ट्रिय आयोगको सिफारिसमा एएसपी नेटको प्रतिनिधित्व गर्दछन् ।

नेपालमा पनि एएसपी नेटलाई सक्रिय र सवल बनाउन एएसपी नेटमा आवद्‌ध विद्‌यालयहरूमा कार्यरत युनेस्को सम्वन्धी विषयका जानकारी हासिल गरेका बरिष्ठ शिक्षक मध्येबाट एक जना

उपयुक्त व्यक्तिलाई युनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोगका महासचिवले एएसपी नेट राष्ट्रिय संयोजकका रूपमा ४ बर्षको लागि नियुक्ति गर्ने व्यवस्था छ आयोगको विधानमा छ ।

## १.२२. युनेस्को सम्वद्ध विद्यालयका शिक्षकको भूमिका

विद्यालयका शिक्षकहरूले वालमैत्री, समावेसी सिकाइ वातावरण तयार गरी शिक्षण सिकाइ कार्यलाई प्रभावकारी रुपमा संचालन गर्नुका साथै निम्नानुसारका कार्य गर्ने अपेक्षा गरिएको छः

- संयुक्त राष्ट्रसंङ्घीय प्रणाली र युनेस्कोको विषयमा मूलतः युनेस्कोको आदर्श र कार्यहरूका विषयमा जानकारी राखी विद्यार्थीलाई समेत जानकारी गराउने,
- लघुपरियोजना निर्माण, कार्यान्वयन, अनुगमन, मूल्यांकन र संचालनमा विद्यार्थीलाई प्रेरित र सहजीकरण गर्ने,
- परियोजना कार्यान्वयनमा सहभागी हुने,
- परियोजना सम्वन्धी प्रवोधीकरण गर्ने,
- स्रोत साधनको पहिचान, संकलन र परिचालन गर्ने,
- असल कार्यहरू, उत्कृष्ट अनुभवहरूको अभिलेख राखी प्रचार प्रसार गर्ने गराउने
- स्थानीय अभिभावक, विद्यार्थी तथा जनसमुदायहरु परिचालन गरी शैक्षिक, सामाजिक, साँस्कृतिक तथा प्राकृतिक वातावरणको सम्बद्र्धन र प्रवद्र्धन गर्ने ।

## १.२३. युनेस्को क्लब

युनेस्कोको आदर्शहरू प्रति प्रतिवद्ध रही तिनको प्राप्तिकालागि समुदायमा आधारित कार्यक्रमहरू संचालन गर्ने उद्देश्यले सम्वन्धित राष्ट्रको प्रचलित कानून अनुसार तोकिएको संस्थामा दर्ता भै अनुमति प्राप्त मूनाफारहित रूपमा कार्य गर्ने गैरसरकारी संस्थालाई युनेस्को क्लब भनिन्छ । यस्ता क्लबहरूले युनेस्को क्लवहरूको महासङ्घको सदस्यता प्राप्त गर्न सक्ने छन् ।

आफ्नो छुट्टै विधानद्वारा व्यवस्थित र निर्देशित युनेस्को क्लबहरूले युनेस्को विषय क्षेत्रमा कार्य गर्दा युनेस्कोको निमित्त राष्ट्रिय आयोगलाई पूर्व जानकारी गराई कार्य गर्नु पर्दछ । क्लवले युनेस्कोको नाम, लोगो, एक्रोनेम, ईन्टरनेट डोमिन नेम प्रयोग गर्दा युनेस्कोको निमित्त राष्ट्रिय आयोगमार्फत युनेस्कोको अनुमती लिनु पर्नेछ । युनेस्कोको नाम, लोगो, एक्रोनेम, ईन्टरनेट डोमिन आदिको दूरूपयोग गर्ने क्लव र तिनको महासङ्घलाई युनेस्कोको निमित्त राष्ट्रिय आयोगले प्रचलित कानून बमोजिम कारवाही गर्ने छ ।

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको विधान २०३१ (सातौं संशोधन, २०७२) को दफा १५(१) मा युनेस्को क्लबको व्यवस्था गरिएको छ ।

## १.२४. युनेस्को क्लबका उद्देश्यहरू

- युनेस्कोको आदर्शलाई जनस्तरसम्म प्रचार प्रसार गरी शान्ति प्रगती र समुन्नतीलाई संस्थागत गरी स्थानीय समुदायलाई सशक्तीकरण गरी परिचालन गर्ने,
- युनेस्को विषय क्षेत्र सम्वद्ध कार्यक्रम संचालन गर्ने गराउने,
- गुणस्तरीय शिक्षाको सुनिश्चितता, संस्कृति संरक्षण, बैज्ञानिक उपलव्धीको प्रचार प्रसार र उपयोगको प्रवर्द्धन, निष्पक्ष र विश्वसनीय आमसंचारको विकास र विस्तार, सामाजिक सौहार्दता बृद्धिका माध्यमबाट विविधता र बहुलताको संरक्षण र उपयोग गर्ने गराउने,
- शान्ति र दिगो विकासकालागि नागरिक परिचालन गर्ने, आदि ।

## १.२५. युनेस्को क्लबका प्रमुख कार्यहरू

- परियोजना संचालन,
- समुदाय परिचालन,
- जागरण अभियान,
- क्षमता विकास,
- संस्कृतिको संरक्षण र प्रवद्र्धन,
- सम्मान कार्यक्रम,
- अनुभव तथा उत्कृष्ट कार्यको प्रचार प्रसार,
- अभिलेखीकरण, प्रकाशन र वितरण आदि

## १.२६. युनेस्को क्लबको कार्यविधि

- आफ्नै स्रोत, साधन र नेतृत्वमा परियोजना संचालन गर्ने,
- अन्य निकायको सहयोगमा कार्यक्रम संचालन गर्ने,
- सरकारी, गैरसरकारी तथा समुदायमा आधारित सङ्घ संस्थाहरुसंग सहकार्य गर्ने,
- युनेस्कोको आदर्श हासिल गर्न सामाजिक परिचालन गर्ने,
- सहजीकरण गर्ने,
- युनेस्कोको आदर्श र सो संग सम्बन्धित समसामयिक विषयहरुमा पैरवी गर्ने, आदि ।

## १.२७. युनेस्को क्लबका कार्य क्षेत्रहरू

युनेस्कोको विषय क्षेत्रका रूपमा रहेको शिक्षा, विज्ञान, संस्कृति, आमसंचार र समाज तथा मानव विज्ञान नै युनेस्को क्लवका मुख्य कार्य क्षेत्र हुन् । बिश्व शान्ति, गुणस्तरीय शिक्षाको विकास र विस्तार, संस्कृतिको संरक्षण तथा प्रवद्र्धन, अन्तर सांस्कृतिक सम्वाद तथा सद्भावको वृद्धि, स्वतन्त्र, निष्पक्ष र सक्षम आमसंचारको विकास र विस्तार, मानव अधिकारको संरक्षण र प्रवद्र्धन,

जलवायु परिवर्तनको असर न्यूनीकरण, सामाजिक जागरण तथा परिचालन, गरिवी न्यूनीकरण, विविधता संरक्षणलगायतका सवै विषय तथा क्षेत्रहरू युनेस्को क्लवका कार्य क्षेत्रहरू हुन । मानव हित र शान्ति प्रति लक्षित सवै विषय क्षेत्र युनेस्को क्लवका क्षेत्र हुन् ।

## १.२८. युनेस्को क्लब, संस्थाहरूको राष्ट्रिय महासङ्घ

युनेस्को क्लव, संस्थाहरूको छाता संगठनको रूपमा युनेस्को क्लवहरूले एक राष्ट्रिय महासङ्घ गठन गर्ने प्रचलन छ । युनेस्को क्लब, संस्थाहरूले आफ्ना हक हितको संरक्षणकालागि गठन गर्ने यस्तो महासङ्घको आफ्नो छुट्टै विधान बनाईन्छ र सम्वन्धित राष्ट्रको प्रचलित कानूनमा व्यवस्था भए बमोजिम तोकिएको निकायमा दर्ता गरिन्छ । दर्ता भएको बैधानिक महासङ्घलाई सम्वन्धित राष्ट्रको युनेस्कोको निमित्त राष्ट्रिय आयोगले सम्वन्धन प्रदान गरी सो को जानकारी युनेस्को प्रधान कार्यालय पेरिसमा दिनु पर्दछ । प्रत्येक युनेस्को सदस्य राष्ट्रमा एक मात्र युनेस्को क्लब, संस्थाहरूको महासङ्घ रहन्छ ।

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको विधान २०३१ (सातौं संशोधन, २०७२) को दफा १५(३) मा युनेस्को क्लबहरुको राष्ट्रिय महासङ्घको व्यवस्था गरिएको छ । राष्ट्रिय महासङ्घले निम्नानुसारको कार्यहरु गर्नेछ ।

- आधिकारिक निकायमा दर्ता, दर्ता नविकरण भएका युनेस्को क्लव तथा संस्थाहरूलाई महासङ्घको सदस्यता प्रदान गर्ने,
- युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगबाट सम्वन्धन प्राप्त युनेस्को क्लव तथा संस्थाहरूको अभिलेखीकरण गर्ने, अभिलेख अद्यावधिक गर्ने,
- युनेस्को क्लव तथा संस्थाहरूको क्षमता बिकासकालागि तालिम, गोष्ठी, अन्तरक्रिया कार्यक्रम आदि आयोजना गर्ने,
- युनेस्को क्लवहरूको महासङ्घहरूको क्षेत्रीय र अन्तर्राष्ट्रियस्तरमा आयोजना हुने बैठक वा सम्मेलनमा युनेस्कोको निमित्त राष्ट्रिय आयोगको स्वीकृति अनुसार भाग लिन प्रतिनिधि खटाउने,
- देशीय, क्षेत्रीय र अन्तर्राष्ट्रियस्तरमा आयोजना हुने युनेस्को क्लव तथा संस्थाहरूको कार्यक्रममा भागलिन महासङ्घको सदस्यता प्राप्त क्लव वा संस्थाको पदाधिकारीको चयन गरी मनोनय वा स्वीकृतिकालागि युनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोगमा सिफारिस गर्ने,
- युनेस्को क्लव तथा संस्थाहरूको अनुगमन गर्ने, प्रतिवेदन लिने, पुरस्कार र कारवाहीकालागि युनेस्कोको निमित्त राष्ट्रिय आयोगमा सिफारिस गर्ने,
- युनेस्को क्लव तथा संस्थाहरूबाट युनेस्को विषय क्षेत्रमा परियोजना प्रस्ताव प्राप्त गर्ने, परियोजना संचालनकालागि आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्न सम्वन्धित युनेस्कोको निमित्त राष्ट्रिय आयोगमा सिफारिस गर्ने,

- युनेस्कोको नाम, लोगो, एक्रोनाम, इन्टरनेट डोमिन आदिको प्रयोग सम्वन्धमा युनेस्को क्लव, केन्द्र, संस्थालाई सशक्तीकरण गर्ने,
- युनेस्को क्लव तथा संस्थाहरूको हित संरक्षण तथा प्रवद्र्धनकालागि युनेस्कोको निमित्त राष्ट्रिय आयोग मार्फत सरकार तथा युनेस्को सम्वद्ध निकायमा पैरवी गर्ने, आदि ।

## १.२९. युनेस्को क्लबहरूको राष्ट्रिय महासङ्घको भूमिका

युनेस्को क्लब तथा संस्थाहरुको राष्ट्रिय महासङ्घ मूलतः समन्वयकारी तथा प्रतिनिधिमूलक छाता संगठन हो । यसले आफै कार्यक्रम संचालन गर्ने भन्दा क्लव तथा संस्था मार्फत कार्यक्रम संचालन गराउने गर्दछ ।

युनेस्कोको आदर्शको प्रवद्र्धनमा युनेस्को क्लबहरूको राष्ट्रिय महासङ्घको भूमिका निम्नानुसार रहेको छ :

- क्लब तथा संस्था र युनेस्कोको निमित्त राष्ट्रिय आयोगका वीच सम्पर्क विन्दु र सेतुको भूमिका निर्वाह गर्ने,
- युनेस्को क्लब तथा संस्थाहरूलाई परियोजना संचालनकालागि आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्न, पुरस्कृत वा कारवाही गर्न सम्वन्धित मुलुकको युनेस्कोको निमित्त राष्ट्रिय आयोगमा सिफारिस गर्ने,
- युनेस्को क्लब तथा संस्थाहरूलाई परियोजना संचालनकालागि आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्ने,
- युनेस्को क्लब तथा संस्थाहरूको कार्य सहजिकरण गर्ने,
- युनेस्को क्लब तथा संस्थाहरूको अनुगमन, मूल्यांकन गर्ने,
- युनेस्को क्लब तथा संस्थाहरूको प्रतिनिधित्व गर्ने, आदि ।

# युनेस्कोसंग सम्बन्धन/आवद्धता

## २.१. एएसपी नेटमा आवद्धता

युनेस्को सदस्य राष्ट्रका सवै किसिम र तहका विद्यालयहरू, शिक्षक तालिम केन्द्रहरू एएसपी नेटमा आवद्ध हुन सक्ने छन् । तर आवद्ध हुन चाहने विद्यालय युनेस्कोको आदर्श प्रति प्रतिवद्ध भै युनेस्को सम्वद्ध क्षेत्रमा कार्यरत रहेका वा रहन प्रतिवद्ध हुनै पर्दछ ।

## २.२. एएसपी नेटमा प्रवेश गर्दा पाउने अवसरहरु

एएसपी संजाल युनेस्कोले आफ्ना उद्देश्य प्राप्तिका लागि सहकार्य गर्न पहिचान र गरेको साझेदार विद्यालय समूह हो । एएसपी संजालमा आवद्ध भएपछि विद्यालयले निम्न अवसरहरु प्राप्त गर्न सक्नेछ :

- युनेस्को र सम्वद्ध संस्थाबाट सिर्जित शिक्षा विकास र विस्तारका अवसरमा पहुँच पाउन,
- सञ्जालमा आवध्द विद्यालयका असल र उदाहरणीय कार्यबाट पाठ सिक्न,
- आफ्ना असल र उदाहरणीय कार्यलाई प्रचार प्रसार गर्ने मञ्चको रूपमा सञ्जाललाई उपयोग गर्न,
- संजालका विद्यालयका वीच सहयोगको गरी गुणस्तरीय शिक्षाको विकास र विस्तार गरी विश्व शान्तिकालागि योगदान गर्न,
- आफ्ना असल र उदाहरणीय कार्यको पहिचान पाई गौरवान्वित हुन,
- युनेस्कोद्वारा स्थानीय स्तरमा संचालन गरिने कार्यक्रममा युनेस्कोको साझेदारकारूपमा कार्य गर्ने अवसर पाउन,
- युनेस्कोद्वारा सिर्जित अन्तर्राष्ट्रिय मञ्च, आयोजित सभा सम्मेलन र तालिम लगायतका अवसरमा पहुँच पाउन, आदि ।

संजालमा आवद्ध विद्यालयको सक्रियता, प्रतिवद्धता र क्रियाशीलताले अवसर र पहुँचको अवसरको मात्रा निर्धारण गर्ने गर्दछ ।

## २.३. एएसपी नेटमा प्रवेश गर्ने विधि

युनेस्को सदस्य राष्ट्रमा बैधानिक रूपमा संचालनमा रहेका युनेस्कोको आदर्श प्रति प्रतिवद्ध भै युनेस्को विषय क्षेत्रमा कार्यरत रहेका सवै किसिमका विद्यालय, महाविद्यालय, शिक्षालय,

तालिम केन्द्र लगायतका शैक्षिक संस्थाहरू निर्धारित प्रक्रिया पुरा गरी एएसपी संजालमा प्रवेश गर्न सक्दछन् ।

एएसपी नेटमा प्रवेश पाउन ईच्छुक विद्यालयले निम्न कार्य गर्नु पर्छः

- युनेस्कोको आदर्श प्रति प्रतिवद्ध हुने,
- शिक्षा, विज्ञान, संस्कृति, आमसंचार र समाज तथा मानव विज्ञान मध्ये कुनै एक क्षेत्रमा विद्यार्थी, शिक्षक, अभिभावक र स्थानीय समुदायको संलग्नतामा कार्यक्रम संचालन गरिरहेको वा संचालन गर्ने प्रतिवद्धता व्यक्त गर्ने,
- संजालको सदस्यताकालागि निर्धारित फाराम (अनुसूची १) भरी युनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयमा वा एएसपी संजाल नेपालको राष्ट्रिय संयोजकलाई पेश गर्ने ।
- आफुले सदस्यता प्राप्तिकालागि पेश गरेको आवेदनमा उल्लिखित परियोजना संचालन गरी सो को नियमित प्रतिवेदन युनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय र एएसपी नेट राष्ट्रिय संयोजकलाई पेश गर्ने ।

संजालमा संलग्न हुन चाहने विद्यालयले युनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयमा वा एएसपी संजाल नेपालको राष्ट्रिय संयोजकलाई कुनै किसिमको शुल्क वा दस्तुर बुझाउन पर्ने छैन ।

## २.४. एएसपी नेट विद्यालयका कार्यहरु

- आफुले संजालको सदस्यता पाउन भरेको आवेदन फाराममा उल्लेख गरेको परियोजना निर्धारित समय भित्र विद्यार्थी, शिक्षक अभिभावक तथा स्थानीय समुदायको सहभागितामा संचालन गर्ने,
- संजालमा आवद्ध भएका आफ्नो र अन्य देशका विद्यालयसँग सम्पर्क, सहयोग र सहकार्य बढाउने,
- विद्यार्थी, शिक्षक अभिभावक तथा स्थानीय समुदायको सहभागितामा संयुक्त राष्ट्र सङ्घ र युनेस्को सम्वद्ध दिवशका अवसरमा विभिन्न प्रवर्द्धनात्मक, प्रचारात्मक र कार्यमूलक कार्यक्रम आयोजना गर्ने,
- युनेस्कोले गरेका हरित विद्यालय (Green School), वालमैत्री बिद्यालय (Child Friendly School), बातावरणमैत्री विद्यालय (Environment Friendly School) जस्ता अवधारणा आफ्नो बिद्यालयमा कार्यन्वयन गर्ने,
- शिक्षाको गुणस्तर बृद्धि, स्थानीय वातावरण संरक्षण, अन्तरसांस्कृतिक समन्वयको प्रवर्द्धन, जलवायू परिवर्तनको असर न्यूनीकरण, दिगो विकासका लक्ष्य (SDGs) सम्वद्ध विषय आदिमा लघू परियोजना तयार गरी कार्यान्वयन गर्ने,

- सम्भव भएसम्म विद्यालयले आफ्नो वेभ पाना (Web Page) तयार गरी सो मा आफुले गरेका उदाहरणीय कार्यको जानकारी अध्यावधिक गरी राख्ने, कार्यसँग सम्वन्धित फोटो वा भिडियो समेत राखी अनुभवको आदान प्रदान गर्ने,
- सम्भव भएसम्म संजालमा आवद्ध विद्यालयसँग ईन्टरनेट र ईमेल सम्पर्क कायम गरी अनुभवको आदान प्रदान गर्ने,
- संजालमा आवद्ध विद्यालयका विद्यार्थीसँग इन्टरनेट र ईमेल सम्पर्क कायम गरी अनुभवको आदान प्रदान गर्न आफ्ना विद्यार्थी र शिक्षकलाई अभिप्रेरित गर्ने,
- युनेस्कोले आव्हान गरेको दिगो विकासकालागि शिक्षा दशक जस्ता युनेस्को दशक सम्वद्ध कार्यक्रममा सक्रिय रूपमा सहभागी हुने र सम्वद्ध कार्यक्रम संचालन गर्ने,
- युनेस्कोको निमित्त राष्ट्रिय आयोग र एएसपी नेट राष्ट्रिय संयोजकले युनेस्को सम्वन्धमा दिएका निर्देशन तदारूकताका साथ पालन गर्ने,
- विद्यालयले युनेस्को विषय क्षेत्र विशेषत गुणस्तरीय शिक्षाको विकास र विस्तारका सम्वन्धमा संचालन गरेका कार्यक्रम, हासिल गरेका उपलव्धीका बारेमा बार्षिक रूपमा युनेस्कोको निमित्त राष्ट्रिय आयोगको सचिवालय र एएसपी नेट राष्ट्रिय संयोजकलाई बार्षिक र आवधिक प्रतिवेदन पेश गर्ने (अनुसुची २), आदि ।

## २.५. युनेस्को क्लबको गठन तथा सम्बन्धन

युनेस्कोको आदर्शलाई व्यवहारमा उतारी स्थानीयस्तरमा शान्ति निर्माण तथा स्थापन गर्न सहयोग पुर्‍याउने, युनेस्कोले सिर्जना गरेका अवसरहरूमा पहुँच सुनिश्चित गर्न, ज्ञानमा आधारित समाजका उपलव्धिबाट लाभान्वित हुन तथा आफ्नो स्थानीय विशेषतालाई संरक्षण र सम्वर्द्धन गर्ने कार्यमा युनेस्कोको बौद्धिक तथा प्राविधिक सहयोग प्राप्त गर्न नेपालको प्रचलित कानूनमा व्यवस्था भए अनुरूप तोकिएको निकायमा युनेस्को क्लव वा केन्द्र वा संस्था दर्ता गर्न सकिने छ ।

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको विधान, २०३१ (सातौं संशोधन, २०७२) को दफा १५(१) मा युनेस्को क्लबको व्यवस्था गरिएको छ । क्लबको नामको पछाडि “युनेस्को” शब्द राखी युनेस्को क्लब स्थापना गर्नका लागि सम्बन्धित क्लबले यस सचिवालयबाट जिल्ला प्रशासन कार्यालयको नाममा सिफारिस लिनुपर्ने र जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको प्रमाणपत्र, विधानको प्रतिलिपि र सम्बन्धनका लागि संस्थाको कार्य समितिको निर्णयसहित कुनै नयाँ युनेस्को क्लबले स्थापना भएको एक आर्थिक बर्ष समाप्त भएपछि सचिवालयमा सम्बन्धनका लागि निवेदन दिन सक्नेछ । जिल्ला प्रशासन कार्यालयमा दर्ता भइसकेका यस्ता क्लबहरूले सचिवालयमा सम्बन्धनका लागि निवेदन पेस गर्दा निम्न लिखित कागजात अनिवार्य रूपमा सचिवालयमा पेस गर्नु पर्नेछ :

(क) गत आर्थिक वर्षमा सम्पादन गरेको कार्यहरू र सोको लागत विवरण,

(ख) गत आ. व. को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,

(ग) क्लब नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
(घ) चालु आ. व. को कार्ययोजना ।

सम्बन्धन लिएका क्लबहरूले माथी उल्लेखित बमोजिमका कागजात प्रत्येक वर्ष महासङ्घमा पेस गर्नु पर्नेछ । साथै महासङ्घको निर्वाचन हुने वर्षमा युनेस्को आयोगको सचिवालयमा समेत उक्त कागजातहरू पेस गर्नु पर्नेछ ।

युनेस्को क्लव वा संस्था गैर नाफामूलक बैधानिक संस्था हो । यसले युनेस्को विषय क्षेत्रमा कार्यक्रम संचालन गरी युनेस्कोको आदर्श प्राप्तिमा योगदान पुऱ्याउने र स्थानीय समुदायको विकास गरी न्याय र समानतामा आधारित असल सामाजिक सम्वन्धद्वारा शान्ति निर्माण गर्ने र प्रवदर्धन गर्ने उद्देश्य राखेको हुन्छ ।

## २.६. युनेस्को क्लबको भूमिका

स्थानीय स्रोत र साधनको प्रयोग गरी स्थानीय शान्ति, प्रगती र सम्वृद्धि हासिल गर्नकालागि युनेस्को क्लवको गठन गरिन्छ । यसका अतिरिक्त निम्न उपलव्धि हासिल गर्न क्लव गठन गरिन्छ:

- स्थानीय युवालाई संगठित गरी युवाको क्षमता विकास गर्न,
- स्थानीय युवामा सिर्जनसिलता वृद्धि गर्न,
- स्थानीय युवालाई दुर्व्यसन विरूद्ध जागरूक र सक्रिय बनाउन,
- स्थानीय समुदायको क्षमता विकास गरी दिगो विकासमा योगदान बढाउन,
- स्थानीय स्रोत र साधनको संरक्षण र सम्वद्र्धन गरी दिगो विकासलाई व्यवहारमा उतार्न,
- मानव अधिकार प्रति सचेत, सजग र सम्मान गर्ने व्यवहारको विकास र गर्न,
- स्थानीय समस्याको समाधानकालागि स्थानीय समुदायमा सहकार्यको संस्कारको विकास गर्न,
- सामाजिक सद्भावनाको विकास र विस्तार गरी विकासका प्रतिफलमा समन्यायिक पहुँच सुनिश्चित गर्न,
- युनेस्कोले सिर्जना गरेका अवसरहरूबाट स्थानीय स्तरले लाभ हासिल गर्नसक्ने अवस्था सुनिश्चित गर्न,

## २.७. युनेस्को क्लब गठन विधि

युनेस्कोको आदर्श प्रति प्रतिवद्ध नेपाली नागरिकले संगठित भई नेपालको प्रचलित कानून बमोजिम युनेस्को क्लव गठन गर्न सक्नेछन् । प्रत्येक नेपाली नागरिक क्लवको स्वीकृत विधानमा उल्लिखित प्रक्रिया पुरा गरी युनेस्को क्लवको सदस्यता प्राप्त गरी क्लवमा प्रवेश गर्न सक्दछ । युनेस्को क्लब गठन गर्दा निम्न विधि अपनाउनु पर्दछ ।

- स्थानीय नागरिकहरूको तदर्थ समिति गठन गर्ने,
- क्लवको नाम चयन गर्ने र नामको पछाडी युनेस्को शव्द राख्ने,
- क्लवको विधान तयार गर्ने,
- तदर्थ समितिको बैठक बसी क्लव दर्ता गर्ने निर्णय गर्ने,
- प्रचलित कानून बमोजिम क्लव दर्ता गर्न जिम्मेवार निकायमा नियमानुसार आवेदन गर्ने,
- दर्ताकालागि आवेदन गर्दा आवेदन साथ निम्न कागजात संलग्न गर्ने:
  - ✓ क्लवको विधान,
  - ✓ तदर्थ समितिका पदाधिकारीको नाम ठेगाना सहितको विवरण,
  - ✓ तदर्थ समितिका पदाधिकारीको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी,
  - ✓ तोकिए बमोजिमको दस्तुर वा दस्तुर बुझाएको रसिद,
  - ✓ क्लब गठन गर्नको लागि जिल्ला प्रशासन कार्यालयको नाममा युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयको सिफारिस पत्र,
  - ✓ अन्य आवश्यक कागजातहरू ।

युनेस्को क्लवको नाम राख्दा नामको सुरुमा नै युनेस्को शव्द राख्न पाईने छैन । उदाहरणकालागि: युनेस्को इचंगुनारायण भन्ने नाम राख्न पाईदैन । यसलाई इचंगुनारायण युनेस्को क्लव भने नामाकरण गर्न सकिनेछ ।

## २.८. युनेस्को क्लबका कार्यहरु

युनेस्को क्बलका कार्यहरु निम्नानुसार रहेको छन् ।

- स्थानीय समुदाय विशेषत युवालाई युनेस्को क्लवको वारेमा जागरूक बनाई क्लवको सदस्य संख्या बृद्धि गर्ने,
- स्थानीय आवश्यकता र सम्भावना अनुरूपका लघु परियोजना निर्माण गर्ने,
- लघू परियोजना संचालनकालागि स्थानीय स्रोत पहिचान र संकलन गर्ने,
- युनेस्को क्लब, केन्द्र वा संस्थाको राष्ट्रिय महासङ्घमा क्लवले तयार गरेका परियोजना पेश गरी आर्थिक तथा प्राविधिक सहयोगका लागि युनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयलाई आवश्यक सिफारिस गरिदिन अनुरोध गर्ने,
- युनेस्को क्लब, केन्द्र वा संस्थाको राष्ट्रिय महासङ्घको सिफारिस सहित आफ्नो परियोजना संचालनार्थ आर्थिक तथा प्राविधिक सहयोगका लागि युनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयलाई अनुरोध गर्ने वा युनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयबाट सरकारी, गैर सरकारी वा विकास साझेदार मध्ये सम्भाव्य र उपयुक्त निकायमा सहयोगकालागि सिफारिस गराउने,

- क्लवको नेतृत्वमा स्थानीय समुदाय परिचालन गरी परियोजना कार्यान्वयन गर्ने,
- आफ्नो कार्य र प्रगतिका सम्वन्धमा वार्षिक तथा आवधिक रूपमा युनेस्को क्लब, केन्द्र वा संस्थाको राष्ट्रिय महासङ्घ र युनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयमा प्रगति प्रतिवेदन पेश गर्ने,
- युनेस्को क्लब, केन्द्र वा संस्थाको राष्ट्रिय महासङ्घ र युनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयले युनेस्कोसम्वन्धी विषयमा दिएको निर्देशन पालना गर्ने,

## २.९. राष्ट्रिय महासङ्घमा सम्बन्धनबाट प्राप्त हुने अवसरहरु

महासङ्घ युनेस्को क्लब, संस्थाको छाता संगठन भएको हुँदा यसमा सम्बन्धन भएमा निम्न अवसर उपलव्ध हुन सक्छन :

- महासङ्घमा आवद्ध संस्थासँग सम्पर्क, सहयोग र सहकार्य गर्ने,
- राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा उपलव्ध सूचना र अवसरहरूमा पहुँच प्राप्त गर्ने,
- युनेस्को क्लब, संस्थाको परियोजना संचालनार्थ आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गर्न सिफारिस प्राप्त गर्ने,
- युनेस्को क्लब, केन्द्र, संस्थाको हितको प्रवद्र्धन गर्ने,
- महासङ्घको निर्वाचनमा भाग लिई पदीय हैसियत प्राप्त गर्ने,
- आफ्नो क्लवले प्राप्त गरेको उपलव्धि तथा योगदानलाई प्रचार प्रसार गर्ने गराउने, आदि ।

## २.१०.युनेस्को क्लबहरुको राष्ट्रिय महासङ्घको सम्बन्धन

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको विधानको दफा १५(३) बमोजिम सम्बन्धन प्राप्त युनेस्को क्लबहरुको एउटा राष्ट्रिय महासंङ्घ हुनेछ । त्यसका सम्बन्धन ४ बर्षका लागि सचिवालयले दिनेछ । सम्बन्धन प्राप्त गरेको राष्ट्रिय महासङ्घले प्रत्येक वर्ष कार्तिक मसान्तभित्र निम्न कागजात अनिवार्य रूपमा युनेस्को सचिवालयमा पेस गर्नु पर्नेछ :

(क) गत आ. व. मा सम्पादन गरेका कार्यहरू र लागत विवरण,
(ख) गत आ. व. को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,
(ग) युनेस्को क्लबहरूको राष्ट्रिय महासङ्घ नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि
(घ) चालु आ. व. को कार्ययोजना,
(ङ) महासङ्घमा आवद्ध युनेस्को क्लबहरूको आद्यावधिक विवरण ।

राष्ट्रिय महासङ्घको कार्य समितिले सम्बन्धन नवीकरणका लागि माग गरेमा, राष्ट्रिय महासङ्घको सम्पादित कार्य र कार्ययोजनाहरू सन्तोषजनक देखिएमा युनेस्कोको कार्यकारिणी समितिले ४ बर्षको लागि सम्बन्धन नवीकरण गर्न सक्नेछ । सम्बन्धन प्राप्त गरेको युनेस्को क्लबहरुको राष्ट्रिय महासङ्घको प्रमुख कार्यहरु निम्नानुसार छन् ।

- राष्ट्रिय महासङ्घको विधानमा व्यवस्था भए बमोजिमको दायित्व पुरा गर्ने ।
- युनेस्कोको आदर्शप्रति प्रतिवद्ध रहने ।
- युनेस्को विषय क्षेत्रमा कार्यक्रम संचालन गर्ने ।
- युनेस्कोको निमित्त राष्ट्रिय आयोगको स्वीकृति लिएर मात्र युनेस्कोको नाम, लोगो, इन्टरनेट डोमिन नेम, एक्रोनेमको प्रयोग गर्ने ।
- युनेस्कोको नाम, लोगो, इन्टरनेट डोमिन नेम, एक्रोनेमको दुरूपयोग हुन नदिने ।
- युनेस्कोको निमित्त राष्ट्रिय आयोगको सचिवालय र राष्ट्रिय महासङ्घमा आफ्ना काम कारवाहीको बारेमा नियमित रूपमा प्रतिवेदन पेश गर्ने ।
- राष्ट्रिय महासङ्घले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा, सम्मेलनमा भाग लिन जानु अघि सचिवालयलाई जानकारी दिने र भाग लिएपछि सोको प्रतिवेदन आयोगको सचिवालयमा पेस गर्नु पर्नेछ ।

# कार्य औजारहरू (Toolkit)

## ३.१. परियोजना

निश्चित उद्देश्य प्राप्तिकालागि निर्धारित स्रोत, साधन, समय र स्थानमा संचालन गरिने कार्यक्रमलाई परियोजना भनिन्छ ।

परियोजनाको निर्धारित उद्‌देश्य प्राप्ति गर्न अपनाइने कार्यविधि, प्रयोग गरिने मानवीय, आर्थिक तथा भौतिक स्रोत साधन र अपेक्षित उपलव्धिलाई विस्तृत रूपमा अभिलेखन गरी सोही बमोजिम कार्यसंचालन गरिने भएकोले परियोजना स्वरूपमा कार्य संचालन गर्दा कार्यान्वयन अनुगमन तथा मूल्यांकन कार्य बढी प्रभावकारी भई साधनको उच्चतम् उपयोग हुने विश्वास गरिन्छ ।

परियोजनाको विषय, समय र आर्थिक लागत अनुमान, समेटने क्षेत्र, कार्यसंचालन प्रणाली लगायतका पक्षले परियोजनाको स्तर र प्रकार निर्धारण गरेको पाइन्छ । लागत समय र परियोजनाको उपलव्धी समेतका आधारमा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन परियोजना भनी वर्गीकरण गर्ने गरेको पाइन्छ । यस्तै कम आर्थिक लागतमा छोटो समय मै सानो क्षेत्र समेटेर संचालन हुने परियोजनालाई लघू परियोजना भन्ने गरेको पाईन्छ ।

### युनेस्को पेरिस सहभागितामूलक कार्यक्रम/परियोजना

कार्यान्वयन गर्ने संस्थाको आफ्नो आन्तरिक र युनेस्कोको संयुक्त लगानी बाट संचालन गरिने परियोजनालाई युनेस्कोले सहभागितामूलक परियोजनाको रुपमा पहिचान गरेको छ ।

अल्पविकसित, विकासोन्मूख तथा साना टापु सदस्य राष्ट्रहरुमा युनेस्कोको प्राथमिकताका क्षेत्रमा सहभागितामूलक परियोजना संचालन गर्नकालागि युनेस्को प्रधान कार्यालय पेरिसले द्विवार्षिक रूपमा सदस्य राष्ट्रको युनेस्कोको निमित्त राष्ट्रिय आयोग मार्फत प्राप्त लघू परियोजनालाई आर्थिक तथा प्राविधिक सहयोग उपलव्ध गराई आएकोछ । सहभागितामूलक कार्यक्रम अन्तर्गत प्रति परियोजनाकालागि युनेस्कोले बढीमा अमेरिकी डलर २६,०००.०० सम्म उपलव्ध गराउँदछ । यस्तो सहयोग पाउन सम्वन्धित सदस्य राष्ट्रको युनेस्कोका निमित्त राष्ट्रिय आयोग मार्फत युनेस्को पेरिसमा सहभागितामूलक परियोजना प्रस्ताव पेश गर्नु पर्दछ । युनेस्कोबाट स्विकृत परियोजना संचालन गर्न प्रस्तावकले युनेस्कोका निमित्त राष्ट्रिय आयोगसँग सम्झौता गर्नु पर्नेछ । सम्झौता अनुसार परियोजना बढीमा दुई बर्ष भित्र सम्पन्न गरी सोको आर्थिक तथा कार्यसम्पादन प्रतिवेदन युनेस्कोका निमित्त राष्ट्रिय आयोग मार्फत युनेस्को पेरिसमा पेश गरी सक्नु पर्ने छ ।

## ३.२ परियोजनाका लागि सम्भाव्य विषय क्षेत्र पहिचान

### युनेस्को पेरिस सहभागितामूलक कार्यक्रम/परियोजना

युनेस्को पेरिसले प्रत्येक दुई बर्षकालागि आफ्नो कार्यक्रम तथा बजेट तयार गर्दछ । युनेस्कोले आफ्नो आवधिक कार्यक्रम तथा वजेट सी ४ नामक पुस्तिकामा प्रकाशित गर्दछ भने द्विवार्षिक बजेट तथा कार्यक्रम सी ५ नामक पुस्तिकामा प्रकाशित गर्दछ । सी ४ र सी ५ मा युनेस्कोको प्राथमिकता प्राप्त कार्यक्रम उल्लेख गरेको हुन्छ । अल्पविकसित तथा विकासोन्मूख सदस्य राष्ट्रहरूमा युनेस्कोको प्राथमिकताका क्षेत्रमा सहभागितामूलक परियोजना संचालन गर्नकालागि विषय क्षेत्र पहिचान गर्दा सी ५ मा उल्लेख भएका प्राथमिकता प्राप्त क्षेत्र पहिचान गर्नु पर्दछ । प्राथमिकता प्राप्त क्षेत्र पहिचान गरेपछि आफ्नो राष्ट्रसँग सम्वद्ध र अति आवश्यक विषयबस्तु छनौट गर्नु पर्दछ । विषय छनौट गर्दा युनेस्कोको पाँच विषय क्षेत्र शिक्षा, विज्ञान, संस्कृति, आमसंचार र समाज तथा मानव विज्ञानमध्ये आफ्नो दखल भएको तथा राष्ट्रिय प्राथमिकता प्राप्त कुनै एक क्षेत्रको विषय छनौट गर्नु पर्दछ ।

### स्थानीयस्तरमा संचालन गर्ने कार्यक्रम/परियोजना

स्थानीयस्तरमा लघू परियोजना सञ्चालन गर्न चाहने एएसपी नेटमा आवद्ध विद्यालय, युनेस्को क्लव, केन्द्र वा संस्था, गैरसरकारी तथा समुदायमा आधारित संस्थाले कार्यक्रम वा परियोजनाको विषय वस्तु छनौट गर्दा निम्न प्रकृया अपनाउनु पर्दछः

- सर्वप्रथम आफ्नो क्षेत्रमा अन्तरक्रिया गर्ने,
- आफ्नो क्षेत्रको आवश्यकतालाई पहिचान गर्ने र तीनलाई सूचीकृत गर्ने,
- आफ्नो दक्षताको विषय र क्षेत्र पहिचान गर्ने,
- सूचीकृत गरिएका आवश्यकतालाई त्यसको महत्व, सरलता र आफ्नो दक्षताको विषय र क्षेत्रसमेतका आधारमा प्राथमिकीकरण गर्ने,
- सवभन्दा पहिलो प्राथमिकताको विषय र क्षेत्रमा पहिले कार्यक्रम वा परियोजना तयार गर्ने गराउने ।

कुनै संस्थाबाट आर्थिक प्राविधिक सहयोग प्राप्त गरी कार्यक्रम संचालन गर्ने योजना सहित कार्यक्रम वा परियोजना तयार गर्न निम्न पक्षलाई ध्यान दिंदा उपयोगी हुने देखिन्छः

- सहयोग प्राप्त गर्न लक्षित संस्थाको कार्यक्रम, प्राथमिताका क्षेत्रहरू, निर्धारित शर्त भए ती शर्तहरू, र
- परियोजना संचालनको लागि आवश्यक विशेष सीप, प्रविधि आदि

## ३.३ परियोजनाका लागि सम्भाव्य विषय क्षेत्र प्राथमिकीकरण

### सम्भाव्य विषय क्षेत्र प्राथमिकीकरण कसरी

आफ्नो क्षेत्रमा अन्तरक्रिया गरी पहिचान गरिएका आवश्यकतालाई प्राथमिकीकरण गर्न निम्न विधी अपनाउन सकिन्छ:

**सम्भावित विधिहरू**

- स्थानीय समुदायलाई प्राथमिकीकरण गर्न लगाउने,
- प्राविधिक वा विषेशज्ञको सहयोगमा प्राथमिकीकरण गर्ने,

**प्राथमिकीकरणका उपयोगी आधारहरू**

- सबैभन्दा बढी व्यक्तिले प्रथम प्राथमिकता उल्लेख गरेको विषय वा क्षेत्र
- सरकार वा स्थानीय निकायको प्राथमिकता प्राप्त विषय,
- स्थानीय स्रोत साधन र सीपको प्रयोग हुने विषय र क्षेत्र,
- स्थानीय पर्यावरण संरक्षण गर्न सहयोग गर्ने विषय,
- सामाजिक सौहार्दता र न्याय कायम गर्न सहयोग पुग्ने विषय र क्षेत्र
- स्थानीय बढी लाभान्वित हुने क्षेत्र,
- राष्ट्रिय कार्यक्रम तथा प्रयासमा मद्दत पुऱ्याउने विषय क्षेत्र आदि ।

## ३.४. विषय क्षेत्रको पहिचान र प्राथमिकीकरणका लागि थप केही सुझाव

स्थानीयस्तरमा संचालन गरिने परियोजना स्थानीय अवश्यकतालाई सम्वोधन गर्ने, स्थानीय स्रोत साधनको प्रयोग गर्ने, स्थानीय वातावरणको संरक्षण गर्ने, देख्न वा अनुभव गर्न सकिने उपलव्धी प्रदान गर्ने, स्थानीय अवसरमा बृद्धि गर्ने, तुलनात्मक रूपमा कम लागत लाग्ने र बहुसंख्यक वासिन्दाको सरोकारसँग सम्वन्धित हुन सकेमा राम्रो हुन्छ । यसैले परियोजनाका लागि विषय पहिचान गर्दा, तीनलाई प्राथमिकीकरण गर्दा र कार्यान्वयनकालागि छान्दा निम्न प्रक्रिया अपनाउन सुझाव गरिन्छ:

- स्थानीय सरोकारवालाको भेला गरी स्थानीय आवश्यकता वा समस्या सोधी त्यसको सूची तयार गर्ने,
- सूचीमा तयार भए पछि आवश्यकता पूर्ति वा समस्या मध्ये कुन सवै भन्दा पहिला पूर्ति वा समाधान गर्नु पर्ने हो यकिन गर्न छलफल गर्ने । छलफलमा सहभागी मध्ये सवैभन्दा बढी

सहभागिको मत त्यस पछि क्रमश: कम मत प्राप्त गर्ने आवश्यकता वा समस्यालाई प्राथमिता क्रम तोकी मिलाएर राख्ने ।

- सर्वप्रथम प्राथमिकतामा परेको विषयको विकल्पहरू छलफलद्वारा निर्माण गर्ने,
- निर्माण गरिएका विकल्प मध्ये सवै भन्दा कम लागत पर्ने, स्थानीय स्रोत र साधन उपयोग हुने, स्थानीय सीप र श्रमको प्रयोग हुने, स्थानीय पर्यावरणमा कम भन्दा कम नकारात्मक असर पार्ने, सरकारको समेत प्राथमिकतामा परेको, सामाजिक सद्भावमा नकारत्मक असर नपार्ने बरू सद्भाव बढाउने, स्थानीय व्यक्तिले समेत आर्थिक सहयोग गर्ने विकल्पलाई छनौट गर्न प्राथमिकता दिने,

## ३.५. परियोजना छनौट तरिकाहरु

**परियोजना छनौटकालागि केही उपयोगी तरिकाहरू**

- ➢ सरोकारवालासँग छलफल गर्ने,
- ➢ बिशेषज्ञसँग छलफल गर्ने,
- ➢ प्रत्यक्ष लाभग्राहीसँग छलफल गर्ने,
- ➢ पर्यावरण परीक्षण **(Environment Scanning)** गर्ने,
- ➢ विकल्प निर्माण गरी तीनको विश्लेषण **(Alternatives Analysis)** गर्ने,

**परियोजना छनौटकालागि केही उपयोगी आधारहरू**

- स्थानीय सरोकारवालाले सवैभन्दा पहिलो प्राथमिकता निर्धारण गरेकोलाई प्रथम छनौटमा राख्ने,
- छनौट भएका मध्ये पनि स्थानीय स्रोत साधन र सीपको प्रयोग हुने विषय र क्षेत्रलाई प्रथम छनौट गर्ने,
- स्थानीय पर्यावरण संरक्षण गर्न सहयोग गर्ने विषयलाई प्रथम छनौटमा राख्ने,
- स्थानीय बढी लाभान्वित हुने विषयलाई प्रथम छनौटमा राख्ने,
- राष्ट्रिय कार्यक्रम तथा प्रयासमा मद्दत पुऱ्याउने विषय क्षेत्रलाई जोड दिने,
- त्यस पछिका प्राथमिताका विषय बस्तुलाई पनि मूल्यांकन गर्ने ।

## ३.६. परियोजनाका केही उपयोगी विषय वस्तु तथा क्षेत्रहरू

आवश्यकता तथा समस्याहरू स्थानीय आर्थिक, समाजिक, सांस्कृतिक, प्राकृतिक अवस्था अनुसार फरक फरक हुने गर्दछन् । एकै विषय, विधी र उद्देश्यका परियोजना सबै स्थान वा अवस्थामा उपयुक्त नहुन पनि सक्छन । यसैले परियोजना तथा कार्यक्रम छनौट गर्दा स्थानीय सरोकारवालाको सहभागिता अनिवार्य रूपमा हुनै पर्दछ । युनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयले आफ्नो वार्षिक कार्यक्रम र युनेस्को सहभागितामूलक कार्यक्रम मार्फत ए एस पी संजालका विद्यालय, युनेस्को क्लव र अन्य गैरसरकारी संस्थालाई सशक्तीकरण गरी आएको छ ।

युनेस्कोको आयोगको सचिवालयले ए एस पी संजालका विद्यालय, युनेस्को क्लव र अन्य गैरसरकारी संस्था मार्फत संचालन तथा गरेका निम्न परियोजनाका विषय र क्षेत्र सबैका लागि उपयोगी हुने भएकोले यहाँ दिईएको छ ।

- विद्यार्थी क्बल परिचालन मार्फत विद्यालय एसेम्ब्लीको सिर्जनात्मक प्रयोग,
- हरित विद्यालय कार्यक्रम (विद्यालय परिशरमा बृक्षारोपण),
- प्रत्येक घरमा दुई विरूवाः विद्यार्थीको सक्रियता कार्यक्रम,
- दुर्गमका विद्यालयमा पुस्तकालय निर्माणका लागि विद्यार्थीबाट पुस्तक संकलन कार्यक्रम,
- विद्यार्थीद्वारा ट्राफिक सचेतना कार्यक्रम,
- विद्यार्थीद्वारा एच आई भी र एड्स विरूद्ध सचेतना कार्यक्रम,
- लैङ्गिक सवालमा विद्यालयस्तरीय बाद विवाद कार्यक्रम,
- स्वास्थ्यकालागि विद्यालयस्तरीय खेलकुद प्रतियोगिता,
- अमूर्त सांस्कृतिक सम्पदाको महत्व र विद्यार्थीको दायित्वः बक्तित्वकला कार्यक्रम,
- गुणस्तरीय शिक्षाको प्रवद्र्धनका लागि शिक्षकद्वारा विद्यालय भेटघाट कार्यक्रम,
- विद्यालय परिवारद्वारा विश्व सम्पदा क्षेत्रको सरसफाई,
- स्थानीय सरसफाईका लागि विद्यार्थीको घरदैलो कार्यक्रम,
- सामाजिक सौहार्दताका लागि विद्यालय परिवारद्वारा रक्तदान कार्यक्रम,
- घरायसी फोहरमैलाबाट बायो ग्याँस निर्माणका लागि विद्यार्थी परिचालन कार्यक्रम,
- विद्यालयको सक्रियतामा सहरी क्षेत्रमा कौसी खेती प्रवद्र्धन,
- सडक किनारमा बृक्षारोपण कार्यक्रम,
- म मैले उत्पादन गरेको अक्सिजन लिन्छु,
- विद्यालयद्वारा स्थानीय स्तरमा हरियाली प्रवद्र्धन,
- लागुपदार्थ दुर्व्यसन विरूद्ध विद्यार्थीद्वारा सडक नाटक प्रदर्शन,
- विद्यार्थीद्वारा प्राङ्गारिक तरकारी खेती कार्यक्रम,
- विद्यार्थी परिचालन मार्फत जनचेतना कार्यक्रम तथा डायरी र अभिलेख व्यवस्थापन,
- अन्तर विद्यालय अवलोकन एवं विरुवा साटासाट कार्यक्रम,

- विद्‌यालय प्लाष्टिक निषेधित क्षेत्र घोषणा र आचार संहिता कार्यान्वयन,
- मासिक भित्ते समाचार प्रकाशन,
- वाल क्लबको सक्रियतामा सिर्जनात्मक क्रियाकलापहरुको श्रृखला,
- स्थानीय बातावरण संरक्षणकालागि विद्‌यालयको नेतृत्वमा समुदाय सशक्तीकरण तथा परचालन,
- बालमैत्री विद्‌यालयको अवधारणागत विकास,
- विद्‌यार्थी परिचालनद्वारा समुदायमा जलबायु परिवर्तन शिक्षा,
- स्थानीय हाट वजारमा विद्‌यार्थीद्वारा पोषण र जनस्वास्थ सम्वन्धमा जागरण कार्यक्रम,
- मिथिला आर्टको प्रवद्‌र्धनका लागि विद्‌यार्थीलाई तालीम,
- सांस्कृतिक सौहार्दता वृद्धिकालागि अन्तरविद्‌यालय गिती प्रतियोगिता,
- विद्‌यार्थी भर्ना अभियानमा विद्‌यार्थी परिचालन कार्यक्रम,
- आय आर्जनका लागि महिलालाई सीपमूलक तालीम कार्यक्रम (विद्‌यार्थीको व्यवस्थापनमा),
- विद्‌यार्थीद्वारा अभिभावक शिक्षा कार्यक्रम,
- विद्‌यार्थीद्वारा कुरिलो खेती,
- विपद उद्धारका लागि विद्‌यार्थीद्वारा समुदायको क्षमता विकास कार्यक्रम,
- अमूर्त सांस्कृतिक सम्पदाको संरक्षणकालागि सांस्कृतिक कार्यक्रम,
- अन्तरसांस्कृतिक सम्वादकालागि बनभोज कार्यक्रम,
- योगद्वारा शान्ति कार्यक्रम, आदि ।

## ३.७. परियोजना प्रस्ताव खाका

यहाँ परियोजना प्रस्तावको खाका भन्नाले एउटा परियोजना प्रस्तावमा के के कुरा समावेश गरिएको हुनु पर्छ भन्न खोजिएको हो । परियोजना प्रस्तावको सर्वमान्य र एकै प्रकारको मात्र खाका पाईदैन । विभिन्न संस्था तथा निकायले विषय क्षेत्र र प्रकृति अनुसार विभिन्न खाका प्रयोग गर्ने गरेको पाईन्छ । यहां सामान्यतया न्यूनतमरूपमा एक परियोजना प्रस्तावमा केके कुरा समावेस गर्नु पर्छ भन्ने कुरा मात्र दिईएको छ ।

## परियोजना प्रस्ताव खाका

| | | |
|---|---|---|
| परियोजनाको शिर्षक | : | यसमा परियोजनाको शिर्षक लेख्ने |
| पृष्ठभूमि | : | परियोजना कुन पृष्ठभूमिमा छनौट गरिएको हो । परियोजनाको विषय क्षेत्रको मौजुदा अवस्था प्रस्तुत गर्ने । सम्भव भएसम्म उपलव्ध तथ्यांक सूचनासमेत उल्लेख गरी परियोजना किन आवश्यक भएको हो पुष्टि गर्ने । परियोजना सम्वन्धित विषयमा के कस्ता कमी कमजोरी देखिएका छन् तीनका असरहरु के के हुन र के कस्ता कमी कम्जोरीको कारण प्रस्तुत अवस्था आएको हो उल्लेख गर्ने । |
| परियोजनाको औचित्य | : | प्रस्तुत परियोजनाले देखिएका कमी कमजोरी हटाउन कसरी मद्दत गर्छ उल्लेख गर्ने । पृष्ठभूमिमा उल्लिखित नकारात्मक अवस्था र परिणामलाई परियोजनाले कसरी सकारात्मक बनाउने अपेक्षा गरिएको छ उल्लेख गर्ने । |
| उद्देश्य | : | परियोजनाले राखेका उद्देश्य लेख्ने । उद्देश्य मुख्य र पुरक छुट्टयाएर लेख्न सकिन्छ । उद्देश्य बूदागत रुपमा सकेसम्म थोरै संख्याको भएमा उपयुक्त हुन्छ । |
| लक्षित समूह र क्षेत्र | : | परियोजना कुन समूहका लागि वा कुन स्थानमा संचालन गरिने हो लेख्ने । परियोजनाबाट लाभ प्राप्त गर्ने जनसंख्या समेत उल्लेख गर्न सकिन्छ । |
| कार्यविधि | : | परियोजनाको उद्देश्य प्राप्तिकालागि कुन कार्यविधि अपनाईने योजना छ उल्लेख गर्ने |
| प्रस्तावित कार्यहरु | : | उद्देश्य प्राप्तिकालागि के के कार्य (activities) गर्ने कार्यक्रम छ उल्लेख गर्ने |
| अपेक्षित उपलव्धि | : | परियोजना सम्पन्न भए पछि पृष्ठभूमिमा चर्चा गरिएका समस्या वा कमिकमजोरी कसरी हट्ने छन् के के उपलव्धी तत्काल र दीर्घकालमा हासिल हुने अनुमान गरिएकोछ उल्लेख गर्ने । |
| स्रोत व्यवस्थापन | : | परियोजना संचालन गर्न के कस्ता र कति मानव संसाधन आवश्यक पर्ने अनुमान गरिएको छ र तिनको आपूर्तिको योजना उल्लेख गर्ने । यस्तै आर्थिक स्रोत के कति आवश्यक पर्ने छ र त्यो कसरी कहाँबाट जुटाईने योजना छ उल्लेख गर्ने । |
| दिगोपनासम्वद्ध व्यवस्था | : | परियोजनाका उपलव्धि तथा असरलाई दिगो कसरी बनाईने छ लेख्ने । |
| अनुगमन मूल्यांकन | : | योजना अनुसार परियोजना कार्यान्वयन सुनिश्चित गर्न अनुगमन मूल्यांकन कसरी, कस्ले, कुन कुन समयमा गर्ने योजना गरिएकोछ लेख्ने । |
| कार्य योजना | : | कुन कुन कार्य कुन समयमा कति स्रोतसाधनमा कार्यान्वयन गर्ने योजना छ लेख्ने । त्यस्ता कार्यकालागि को जिम्मेवार हुनेछ लेख्ने । योजना अनुसार कार्य भएको छ छैन कसरी पत्ता लगाईने हो लेख्ने । |
| बजेट व्यवस्था | : | परियोजनाकालागि लाग्ने कूल बजेट, सो जुटाउने स्रोतहरु र प्रत्येक कार्यकालागि कति बजेट अनुमान गरिएको छ लेख्ने । |
| अनुसूचीहरु | : | अनुसूचीहरु क्रमशः राख्ने |

## ३.८. स्रोत व्यवस्थापन

**नमूना**

**परियोजनाको नाम :**

**बजेट बाँडफाँड**

| क्र. सं. | कार्य विवरण | जम्मा एकाई (क) | प्रति एकाइ लागत रु (ख) | जम्मा लागत | कैफियत |
|---|---|---|---|---|---|
| १ | परियोजनाको निर्धारित उद्देश्य प्राप्तिका लागि परियोजना प्रस्तावमा उल्लेख गरिएका कार्यक्रमहरू क्रमशः लेख्ने | प्रस्तावित जम्मा एकाई लेख्ने | प्रति एकाई अनुमानित लागत लेख्ने | (क) र (ख) गुणा गर्दा आएको लागत | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| जम्मा | | | | | |

**स्रोत व्यवस्थापन**

| क्र.सं. | स्रोत र सहयोग प्राप्त गरिने निकाय | प्राप्त गरिने सहयोगको प्रकार | सहयोग रकम रू. | कैफियत |
|---|---|---|---|---|
| १. | संस्था आफैंले व्यहोर्ने | | | |
| २ | युनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयबाट | आर्थिक र प्राविधिक | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| कुल स्रोत | | | | |

**प्रस्तुतकर्ता :**

## ३.९. परियोजना लेखन

परियोजना क्रमबद्ध, स्पष्ट, सरल, आकर्षक, पर्याप्त सूचनामूलक र सवल योजनायुक्त भएमा विकास साझेदारबाट आर्थिक प्राविधिक सहयोग प्राप्त गर्न, प्रभावकारी रूपमा कार्यान्वयन गर्न र अपेक्षित उपलव्धी हासिल गर्न सहज हुन्छ । परियोजना लेखन कार्य एक कला र प्राविधिक कार्य दुवै हो । परियोजना लेखन कार्यमा अनुभव भएको दक्ष व्यक्तिको परामर्शमा परियोजना लेखिएको भएमा राम्रो हुन्छ ।

# परियोजना प्रस्ताव (नमूना)

| | | |
|---|---|---|
| परियोजनाको शीर्षक | : | राजमार्गमा दुर्घटना न्यूनीकरणकालागि जनचेतना कार्यक्रम |
| पृष्ठभूमि | : | नेपालका अधिकांश राजमार्गमा सवारी दूर्घटनाले जनधनको व्यापक क्षति हुने गरेको पाइन्छ । आ.ब. २०७०।७१ मा मात्रै जम्मा ३३५ सवारी दुर्घटना भै १३७ जनाको ज्यान गएको तथ्यांकले देखाउँछ । पृथ्वी राजमार्गमा मात्रै आ.ब.२०७०।७१ मा २०० सवारी दुर्घटना भएको र ८७ जनाको ज्यान गएको देखिन्छ । दुर्घटनाको कारणमा चालकको लापरवाही, सडक किनाराका बासीको लापरवाही, स्कूले विद्यार्थीको लापरवाही, राजमार्गमा मदिराको खुला विक्री वितरण, सार्वचनिक सवारी साधनमा चढ्ने यात्रुको लापरवाही जस्ता पक्ष रहेको विभिन्न अध्ययन प्रतिवेदनले देखाएको छ । यस्का पछाडि जनचेतनाको कमी प्रमुख कारण औंल्याएको पाइन्छ । प्रस्तुत पृष्ठभूमिमा राजमार्ग किनारका वासिन्दा र यात्रुहरुको जनचेतनावृद्धीका कार्यक्रमको आवश्यकता देखिन्छ । |
| परियोजनाको औचित्य | : | प्रस्तुत परियोजनाले पृथ्वी राजमार्गको छेउछाउवस्ने, राजमार्गका विद्यालयमा पठन पाठन गर्ने, राजमार्गमा होटेल व्यवसाय संचालन गरी बस्ने जनतालाई लक्षित गरी जनचेतना मूलक कार्यक्रम संचालन गर्ने भएकोले कार्यक्रम पछि स्थानीय जनचेतना वृद्धि हुन गै सवारी चालक, यात्रु, राजमार्ग छेउका वासिन्दा तथा व्यपारीको व्यवहारमा परिवर्तन आउने छ । व्यवहार परिवर्तनले सडक दुर्घटना कम गर्न ठोस योगदान पुग्ने भएकोले परियोजना ज्यादै महत्वपूर्ण र अत्यावश्यक छ । |
| उद्देश्य | : | सामान्यतया पृथ्वीराजमार्गमा हुने दुर्घटनालाई न्यूनीकरण गर्नु यस परियोजनाको साधारण उद्देश्य हो भने निम्नानुसारका विशिष्ट उद्देश्य हुन् ।<br>१. राजमार्ग वरिपरी बस्ने, व्यापार गर्ने, सवारी साधन प्रयोग गर्ने, सवारी चलाउने व्यक्तिमा ट्राफिक नियमका बारेमा सचेतना विस्तार गर्ने ।,<br>२. स्थानीय स्तरमा मादक पदार्थ विक्रिवितरण र सेवन विरुद्ध जनचेतना वृद्धी गर्ने,<br>३. दुर्घटना पछिको उद्दार र मानवीय संवेग/आवेग व्यवस्थापन सम्बनधमा चेतना विस्तार गर्ने । |
| लक्षित समूह र क्षेत्र | : | पृथ्वी राजमार्गको नौविसे देखि चितवन जिल्लाको मुङ्लिनसम्म को दायाबायाँ होटल व्यवसाय गर्ने र विद्यालयमा अध्ययन गर्ने जम्मा १०० जना स्थानीय बासी, राजमार्गमा बस र ट्रक चलाउने ५० जना सवारी चालक र सार्वजनिक यातायातमा यात्रा गर्ने ५० जना यात्रुहरु । |
| कार्यविधि | : | प्रत्यक्ष सम्पर्क, छलफल, प्रदर्शन आदि । |
| प्रस्तावित कार्यहरु | : | (क) शिक्षक विध्यार्थी सशक्तीकरण र परिचालन (ख) घरदैलो कार्यक्रम (ग) सडक नाटक |
| अपेक्षित उपलव्धी | : | परियोजना सम्पन्न भए पछि पृथ्वी राजमार्ग वरिपरी बसोवास गर्ने र यात्रु गरी कूल २०० जनाको ट्राफिक सचेतना वृद्धि हुनेछ । पृथ्वी राजमार्गको नौविसे मुङ्लिनखण्डमा बार्षिक रुपमा हुने सवारी दूर्घटना ५० प्रतिशतले कमी आउनेछ र दुर्घटना पछाडि हुने चक्का जाम बन्द जस्ता सर्वसाधारण यात्रुहरुले दुखपाउने कार्यमा कमी आउने छ । |
| स्रोत व्यवस्थापन | : | परियोजना संचालन गर्नकालागि आवश्यक मानव संसाधन संस्थामा कार्यरत पदाधिकारी, ट्राफिक प्रहरी र विशेषज्ञबाट पूर्ति गरिनेछ भने आर्थिक स्रोत प्रस्तावक संस्था र युनेस्कोका निमित्त राष्ट्रिय आयोगको सचिवालय (वा अन्य कुनै संस्थावाट )बाट उपलव्ध गरिनेछ । |
| दिगोपनासम्वद्ध व्यवस्था | : | परियोजना सम्पन्न भए पछि पनि सम्बन्धित स्थानीय विद्यालय मार्फत सो क्षेत्रका विद्यार्थी, शिक्षकलाई समय समयमा परिचालन गरिनेछ । |
| अनूगमन मूल्यांकन | : | अनुगमन मूल्यांकनकालागि स्थानीय वासिन्दाको सहभागितामा अनुगमन समिति वनाई अनुगमन गरिने छ । |
| कार्य योजना | : | परियोजनाको कार्ययोजना तयार गरी संलग्न गर्ने । |
| बजेट व्यवस्था | : | परियोजना संचालन गर्नकालागि कूल रु २,००,०००।- लाग्ने अनुमान गरिएको छ । सो मध्ये रु ५०,०००।- प्रस्तावक संस्थाले व्यहोर्नेछ भने रु १,५०,०००।- युनेस्कोका निमित्त राष्ट्रिय आयोगको सचिवालयबाट उपलव्ध गरिनेछ । |

## ३.१०.परियोजना प्रस्तुतीकरण

परियोजना संचालन गर्न प्रचलित ऐन नियम अनुसार स्वीकृति आवश्यक पर्न सक्छ । यस्तै आर्थिक, प्राविधिक, मानव संशाधन लगाय विभिन्न प्रकारका सहयोग अन्य निकायबाट प्राप्त गर्नुपर्ने हुनसक्छ । परियोजना संचालनार्थ आवश्यक पर्ने सहयोग प्राप्त गर्नकालागि सम्वन्धित पक्ष समक्ष परियोजना प्रस्तुत गर्नु पर्ने हुन्छ । परियोजना प्रस्तुतीकरणले सामान्यतया परियोजना प्रस्ताव पेश गर्ने, परियोजना प्रस्तावलाई सम्वन्धित पक्ष समक्ष बयान गर्ने र सम्वन्धित पक्षले राख्ने जिज्ञासाको उत्तर प्रदान गर्ने कार्य समेटेको पाईन्छ । यसैले परियोजना प्रस्ताव तयार गरे पछि निम्न कुरा समेत तयार गरी परियोजना प्रस्तावको खाकामा समावेश गर्नुपर्छः

**अग्र पाना तयार गर्ने,**

**नमूना**

**परियोजनाको शिर्षक (नाम)**
**परियोजना प्रस्ताव**

**परियोजना पेश गरिने निकायको नाम**
**ठेगाना**

**परियोजना पेश गर्ने निकायको नाम**
**ठेगाना**

- **परियोजनाको संक्षेप सम्भव भएसम्म एकै पानामा अटाउने गरी तयार गर्ने**

**नमूना**

**एक नजरमा परियोजना**

| | |
|---|---|
| परियोजनाको शिर्षक | |
| परियोजनाको उद्‌देश्य | |
| उद्‌देश्य प्राप्तिकालागि गरिने कार्यहरू | |
| परियोजनाको लक्षित समूह | |
| परियोजना स्थल | |
| परियोजनाको लागत अनुमान | |
| लागत अनुमानको स्रोत | कार्यान्वयन गर्ने संस्थाले व्यहोर्ने : रू<br>......................बाट अपेक्षित : रू |
| परियोजना संचालक | |

- परियोजना प्रस्तावमा समावेस भएका संक्षेप शव्दको विस्तृतीकरण तयार गर्ने । यसो गर्दा बर्णानुक्रम अनुसार राख्नु पर्छ,

**नमूना**

**शव्द विस्तार (संक्षेप शव्द विस्त्रितीकरण)**

ए एस पी नेट : युनेस्कोसम्वद्ध विद्यालय परियोजना संजाल
कं. ऐ : कम्पनी ऐन
युनेस्को : संयुक्त राष्ट्रसंघीय शैक्षिक बैज्ञानिक तथा सांस्कृतिक संगठन

- विषय सूची तयार गर्ने

**नमूना**

**विषय सूची**

| क्रम संख्या | विषय | पाना नं. |
|---|---|---|
| | | |
| | | |

उल्लिखित कुरालाई परियोजना प्रस्तावको माथि ३.१.५ मा दिईएको खाकाको शुरुमा क्रमशः मिलाएर राख्ने । यसरी मिलाईसकेपछि त्यसलाई बाईण्डिङ्ग गरी किताबको रूप दिन सक्दा राम्रो हुन्छ ।

## ३.११. परियोजना स्वीकृति पछि कार्ययोजना परिमार्जन र प्रतिवेदन

परियोजना प्रस्तावकले सहयोगको लागि पेश गरेको परियोजना प्रस्ताव दाताले सहयोग प्रदान गर्ने गरी यथावत् रूपमा स्वीकृत गरेमा दाताबाट सहयोग प्राप्त हुने समय र प्रक्रियाका आधारमा कार्य योजनामा आवश्यक संशोधन गर्नु पर्ने हुन्छ । यसरी कार्य योजना संशोधन गर्नु पर्दा परियोजनाको प्राविधिक पक्षाका सम्वन्धमा सम्वन्धित विशेषज्ञको सहयोग लिई मिलान गर्नु पर्छ ।

दाताले सहयोग उपलव्ध गराउन कुनै शर्त राखेमा वा परियोजनाको कुनै पक्षमा संशोधन माग गरेमा वा स्विकृत गरेको सहयोग रकम माग गरेको भन्दा कम भएमा परियोजनाको मूल उद्देश्य र अपेक्षित उपलव्धिको प्रकारमा कुनै परिवर्तन नहुने तर उपलव्धीको परिमाण घट्ने गरी प्रस्तावित कार्यक्रमको संख्या, ओगटने क्षेत्र आदिमा आवश्यक संसोधन गर्दा उपयुक्त हुन्छ ।

प्रारम्भिक परियोजना प्रस्तावमा कुनै परिवर्तन वा परिमार्जन गरिएमा पहिले के प्रस्तावित थियो त्यसमा के परिवर्तन गरियो, परिवर्तन किन गरियो र गरिएको परिवर्तले परियोजनाको अपेक्षित

उपलव्धीमा के फरक ल्याउने छ सो कुरालाई तपसिल अनुसारको तालिकामा उल्लेख गरी दाता समक्ष प्रस्तुत गर्दा कार्य सम्पादन गर्न र कार्यसम्पन्न प्रतिवेदन गर्न सहज हुने देखिन्छ ।

**नमूना**

**Inception Report**

| पूर्व प्रस्तावित | हालको प्रस्तावित परिवर्तन | परिवर्तन गरिनुको कारण | प्रस्तावित परिवर्तनको अपेक्षित परिणाम |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

## ३.१२. परियोजना कार्यान्वयनका चरणहरु

परियोजनाको कार्यान्वयन सबैभन्दा महत्वपूर्ण र तुलनात्मक रूपमा जटिल प्रक्रिया हो । परियोजना कार्यान्वयनले सामान्यतया निम्न तीन चरण समेटेको हुन्छः

### तयारी चरणः

यस चरणमा सामान्यतया निम्न कार्य गरिन्छः

- परियोजना कार्यान्वयनकालागि कुनै निकायको स्वीकृति आवश्यक पर्ने भएमा सो प्राप्ति गर्ने,
- कार्यान्वयनकालागि छुट्टै संयन्त्र आवश्यक भएमा सो तयार गर्ने,
- दाताको सहयोग आवश्यक पर्ने भएमा सहयोग प्राप्तिकालागि सम्झौता गर्ने,
- सहयोग प्राप्ति गर्ने,
- खरिद गर्नु पर्ने भएमा खरिद गर्ने,
- आवश्यक मानव संशाधन, भौतिक साधन, सूचना साधन लागायत साधनको व्यवस्था गर्ने,
- अनुगमनका साधन, संयन्त्र र कार्य योजना तयार गर्ने,
- कार्य योजनामा परिमार्जन वा परिवर्तन आवश्यक भएमा गर्ने,
- परियोजनाको उद्देश्य, कार्य र अपेक्षित गरिएको सहयोग सम्वन्धमा परियोजना स्थलमा सरोकारवाला र लक्षित समूहलाई प्रवोधीकरण गर्ने,
- सरोकारवाला र लक्षितसमूहको प्रतिनिधित्व रहेको सहजीकरण समूह निर्माण गर्ने,
- कार्य जिम्मेवारी तोक्ने,

**कार्यान्वयन चरण:**

यस चरणमा सामान्यतया निम्न कार्य गरिन्छ:

- कार्ययोजना अनुसार लक्षित समूहको सक्रिय सहभागितामा कार्यक्रम कार्यान्वयन गर्ने,
- कार्यान्वयनको नियमित अनुगमन गर्ने,
- सम्वद्ध पक्षसँग छलफल गरी कार्यान्वयनमा आएका समस्या को कारण पत्ता लगाउने,
- प्राविधिकसमेतको सहयोगमा समाधानको विकल्प तयार गर्ने र सरोकारवालासँग छलफल गरी उपयुक्त विकल्प छनौट गर्ने,
- छनौट गरिएको विकल्पको प्रयोग गरी समस्या समाधान गर्ने,
- नियमित समीक्षा गरी कार्य गुणस्तर, समय सीमा र लागत प्रभावकारितालाई लक्ष्य अनुरूप कायम गर्ने,

**कार्य सम्पन्न चरण:**

यस चरणमा सामान्यतया निम्न कार्य गरिन्छ:

- परियोजना सम्पन्न भईसकेपछि लक्षितसमूह, सरोकारवाला, संलग्न मानव संशाधन सँग अन्तरक्रिया गरी परियोजनाको मूल्याङ्कन गरी पृष्ठपोषण संकलन गर्ने,
- बहालमा लिएको बस्तु भए सम्वन्धितलाई फिर्ता गर्ने, हरहिसाव फरफारक गर्ने,
- परियोजनामा उपयोग नभएका वस्तु र परियोजना स्थलको सरसफाई गर्ने,
- परियोजनाको उपलव्धिको स्वामित्व ग्रहण गर्न र दिगो बनाउन सरोकारवालालाई सशक्तीकरण गर्ने,
- परियोजना सम्पन्न प्रतिवेदन तयार गरी सम्वन्धित निकायमा पेश गर्ने,

## ३.१३.परियोजना कार्यान्वयनका लागि स्रोत कहाँबाट जुटाउने

परियोजना तयार गर्दा नै लागत प्रभावकारिता र दिगोपनाका लागि स्थानीय जनसहभागितालाई पहिलो प्राथमिकता दिन आवश्यक हुन्छ । एएसपी संजालका विद्‍यालय वा युनेस्को क्लवले परियोजना तयार गर्दा बिना लागत, नगण्य लागत वा कम लागतमा संचालन गर्न सकिने परियोजनालाई प्रोत्साहन दिंदा उपयुक्त हुन्छ । साथै परियोजना तयार गर्दा विगतका राम्रा अनुभवहरुको खोजी गरी आफ्नो परिवेशसँग सुहाउँदो गरी प्रयोग गर्ने प्रयास गर्दा बढी उपलव्धीमूलक हुने देखिन्छ ।

एएसपी संजालका विद्‍यालय वा युनेस्को क्लवले तयार गर्ने परियोजना प्राय जसो छोटो समय र न्यून लागत मै सम्पन्न गर्ने गरी प्रस्ताव गरिन्छन् । न्यून लागतमा सम्पन्न गर्न सकिने तर

असर वा प्रभाव व्यापक हुने प्रकृतिका कार्यक्रम संचालनका लागि आवश्यक स्रोत निम्नानुसार जोहो गरिंदा उपलब्धिमूलक हुने देखिन्छः

१. शिक्षक, विद्‍यार्थी तथा अभिभावक सहभागितामा विद्‍यालयको स्रोत परिचालन गर्ने
२. माथि (१) अनुसार स्रोत अपुग भएमा स्थानीय निकायबाट स्रोत परिचालन गर्न जोड दिने,
३. माथि (२) अनुसार स्रोत अपुग भएमा स्थानीय स्तरमा कार्यरत केन्द्र सरकारका निकायबाट स्रोत खोजी गर्न जोड दिने,
४. माथि (३) अनुसार स्रोत अपुग भएमा स्थानीय गैरसरकारी संस्थाबाट स्रोत खोजी गर्न जोड दिने,
५. स्थानीय औद्योगिक तथा व्यापारिक प्रतिष्ठान वा संस्थाबाट स्रोत खोजी गर्न जोड दिने, आदि ।

## ३.१४.परियोजना अनुगमन

अनुगमनले परियोजनाका कार्यक्रमहरू कार्ययोजना अनुसारको समय, लागत, गुणस्तर अनुरूप सम्पादन गराउन, कार्यान्वयनमा आईपरेको समस्या समाधान गर्न मद्दत पुर्‍याउँछ । अनुगमन संस्थागत सिकाई र अनुभबको उपयोग गरी परियोजनालाई सफल बनाउने कार्यविधी हो । अनुगमन मूलतः कार्यान्वयनको चरणमा गरिन्छ । परियोजनाको प्रभावकारी अनुगमनका लागि निम्न कार्य गर्नु पर्दछ ।

- परियोजना कार्यान्वयन पूर्व अनुगमन कार्य योजना तयार गर्ने,
- अनुगमनका साधन र तरिका तयार गर्ने,
- सरोकारवालाको समेत सहभागितामा अनुगमन संयन्त्र तयार गर्ने,
- अनुगमनकालागि आवश्यक स्रोत साधनको व्यवस्था गर्ने,
- कार्यस्थलमा गै कार्य समय मै अनुगमन गर्ने,
- अनुगमनको प्रतिवेदन तयार गर्ने,
- अनुगमनबाट प्राप्त सिकाईलाई संस्थागत स्मरणमा अभिलेख गर्ने,
- अनुगमनको सिकाई सरोकारवालासँग आदान प्रदान गर्ने,
- सिकाईका आधारमा अनुगमन साधन, विधी, समय आदिमा परिमार्जन गरी निरन्तर अनुगमन गर्ने

## ३.१५.परियोजना अनुगमन संयन्त्र

एएसपी संजालका विद्‍यालय वा युनेस्को क्लवले अनुगमनका लागि निम्न संयन्त्र एकै समयमा वा छुट्टा छुट्टै समयमा आवश्यकतानुसार उपयोग गर्दा उपयुक्त हुने देखिन्छ :

- स्वमूल्यांकन
- स्रोत केन्द्र
- जिल्ला शिक्षा कार्यालय
- युनेस्कोको निमित्त राष्ट्रिय आयोगको सचिवालय,
- एएसपी संजाल राष्ट्रिय संयोजक,
- अन्य निकायहरू ।

## ३.१६.परियोजना सम्पन्न प्रतिवेदन

परियोजना सम्पन्न भए पछि परियोजना अन्तर्गत के के कार्यक्रम के कसरी सम्पन्न गरियो, कार्यक्रम सम्पन्न गर्दा के कस्ता समस्या आईपरे, समस्या के कसरी समाधान गरियो, परियोजनाको उपलव्धि के कस्तो रह्यो, परियोजनाबाट के सिकाई भयो, भविष्यको लागि सुझाव सल्लाह के के छन् लगायतका कुरा समावेस गरिएको परियोजना सम्पन्न प्रतिवेदन तयार गरी दाता निकाय र अन्य सम्वन्धित निकायमा पेश गर्नु पर्ने हुन्छ । यस्तो प्रतिवेदन भविष्यमा सोही प्रकृतिको कार्य संचालन गर्न, अध्ययन अनुसन्धान गर्न र संस्थागत संझनालाई व्यवस्थित गर्न उपयोगी हुन्छ ।

परियोजना सम्पन्न प्रतिवेदन परियोजना तयारी, कार्यान्वयन र कार्य सम्पन्न लगायत सवै चरणका सूचना, प्रमाण, फोटो लगायतका कागजातका आधारमा तयार गरिने प्रचलन छ । यसैले निम्न सूचना तथा कागजात समेतलाई संस्थागत स्मृतिमा अभिलेख गर्दै जानु पर्छ ।

- परियोजना प्रस्ताव,
- कार्य योजना,
- परियोजना सम्वद्ध निकाय वा व्यक्तिसँग परियोजना सम्वन्धमा भएका पत्राचार र निर्णय,
- आर्थिक क्रियाकलाप सम्वद्ध विल भर्पाई तथा विवरणहरू
- अनुगमन फारम र प्रतिवेदन, फोटोहरू,
- प्राप्त पृष्ठपोषणहरू, आदि ।

## ३.१७.परियोजना सम्पन्न प्रतिवेदन खाका

परियोजना सम्पन्न प्रतिबेदनको कुनै एक निश्चित खाका भने पाईदैन । परियोजनाको विषय क्षेत्र, संचालन गर्ने संस्थाको प्रचलन वा दाता संस्थाको आवश्यकता आदिका आधारमा प्रतिवेदनको स्वरूप निर्धारण हुँदै आएको पाइन्छ ।

**नमूना**

## परियोजना सम्पन्न प्रतिवेदन

| | | |
|---|---|---|
| **अग्र पाना** | : | माथि ३.१.७ मा दिईएकै ढाँचामा तयार गर्ने (परियोजना प्रस्तावको सट्टा परियोजना प्रतिवेदन लेख्ने) |
| **कृतज्ञता ज्ञापन** | : | परियोजनामा लगानी गर्ने, सहयोग गर्ने निकाय तथा व्यक्तिलाई |
| **एक नजरमा परियोजना** | : | माथि ३.१.७ मा दिईएकै ढाँचामा तयार गर्ने |
| **संक्षेप शव्द विस्त्रितीकरण** | : | माथि ३.१.७ मा दिईएकै ढाँचामा प्रतिवेदनमा प्रयोग भएका संक्षिप्त शव्दको |
| **विषय सूचि** | : | माथि ३.१.७ मा दिईएकै ढाँचामा |

**खण्ड एकः**

### परियोजना परिचय

यसमा परियोजना प्रस्तावमा उल्लेख भएको पृष्ठभूमि, उद्देश्य, कार्यविधि, परियोजना स्थल, लाभग्राही बारे उल्लेख गर्ने । लेख्दा भूत कालमा मिलाएर लेख्ने ।

**खण्ड दुई**

### परियोजना अन्तर्गत सम्पादित कार्यहरू

परियोजनाको कार्य योजनामा उल्लेख भएका कार्यक्रमहरूको छुट्टा छुट्टै शिर्षक दिई प्रत्यक कार्यक्रम के कसरी सम्पादन गरिए विधी, समय, स्थान, सहभागी संख्या, सहजकर्ता आदि अनुच्छेदमा उल्लेख गर्ने । कार्यले कुन उद्देश्य प्राप्तिमा सहयोग गर्‍यो सो समेत लेख्ने ।
(कार्यक्रमको बयान गर्दा सो सँग सम्वद्ध फोटोहरू अपेक्षित हुन्छ ।)

**खण्ड तीन**

### परियोजनाको उपलव्धि

परियोजनाको उपलव्धिहरू के के भए बूँदागत रूपमा उल्लेख गर्ने ।

**खण्ड चार**

### निश्कर्ष

परियोजनाबाट के सिकाई उपलव्धिहरू भए बूँदागत रूपमा उल्लेख गर्ने ।
सुझाबहरू बूँदागत रूपमा लेख्ने ।

### अनुसूचिहरू

प्रतिवेदनमा उल्लेख भएका अनुसूचिहरू क्रमशः समावेश गर्ने ।
(यसमा परियोजना प्रस्ताव, आर्थिक विवरण, परियोजना सम्वद्ध तस्वीर आदि राख्ने गरिन्छ)

## ३.१८. परियोजना सम्पन्न प्रतिवेदन तयारी

परियोजना प्रतिवेदन तयारी कार्य विशिष्ट कार्य हो । यो विशेषज्ञको मद्दत लिएर वा आफै पनि माथिको ढाँचामा लेखेर तथा ढाँचा अनुसार क्रमबद्ध रूपमा मिलाएर तयार गर्न सकिन्छ । लेखाई सम्पन्न भए पछि वाईण्डिङ्ग गर्दा राम्रो हुन्छ ।

## ३.१९. परियोजना सम्पन्न प्रतिवेदनमा संलग्न गर्नै पर्ने प्रमाण

प्रतिवेदनमा सामान्यतया निम्न कागजातहरू संलग्न गरिनु पर्दछ । यस्ता कगजात अनुसूचीमा संलग्न गर्नु पर्दछ ।

- प्रतिवेदनमा अनुसूची भनि उल्लेख भएका कागजातहरू,
- आर्थिक विवरण,
- परियोजनाले विकास गरेका कागजातहरू, पाठ्यसामग्री वा वस्तुहरू
- परियोजना सम्वद्ध तस्वीरहरू,
- परियोजनासंग सम्वद्ध अन्य कागजातहरू

## ३.२०. आर्थिक प्रतिवेदन

परियोजनाको आर्थिक प्रतिवेदनले परियोजनाको आम्दानी र खर्चको यथार्थ चित्र प्रस्तुत गर्दछ । यसमा कुन कुन स्रोत बाट के कति आम्दानी गरियो र कुन कुन कार्यक्रममा के कुन शिर्षकमा के कति खर्च भयो भन्ने कुरा देखाउनु पर्दछ ।

कुनै दाताको आर्थिक सहयोगमा वा संयुक्त लगानीमा परियोजना संचालन भएको भए कुन कार्यमा दाताको के कति र संस्थाको के कति खर्च भयो खुलाउनु पर्दछ । दाताले आर्थिक विवरणकालागि कुनै खाका दिएको भए सोही खाकामा आर्थिक प्रतिवेदन तयार गर्नु पर्दछ ।

## ३.२१. आर्थिक प्रतिवेदन तयारी

आर्थिक प्रतिवेदन तयारी कार्यकालागि लेखा सम्वन्धी ज्ञान र सीपको आवश्यक पर्दछ । यसैले आर्थिक प्रतिवेदन परियोजनाको आम्दानी र खर्च गर्ने र लेखा राख्ने व्यक्तिबाट तयार गराउनु पर्छ ।

## ३.२२. आर्थिक प्रतिवेदनमा संलग्न गर्नै पर्ने प्रमाण

आर्थिक प्रतिवेदनमा सामान्यतया निम्न कागजातहरू संलग्न गरिनु पर्दछ ।

- सहयोगसम्वन्धमा दातासँग भएको सम्झौता पत्र,
- आर्थिक सहयोग निकासा पत्र,
- खर्चका विल भर्पाईहरू,

- पारिश्रमिक कर र अन्य कर कटाएको भए सो को प्रमाण,
- आर्थिक क्रियाकलापसम्वद्ध अन्य कागजातहरू

## ३.२३.एएसपी संजाल र युनेस्को क्लबले परियोजनाको लागि पाउने प्राविधिक परामर्श

एएसपी संजालमा आवद्ध विद्यालय, युनेस्को क्लव, युनेस्को सम्वद्ध महासङ्घ आदिले संस्था तथा कार्यक्रम संचालनार्थ आवश्यक पर्ने प्राविधिक सहयोग तथा परामर्श युनेस्कोको निमित्त राट्रिय आयोगको सचिवालय, आयोग अन्तर्गतका विषय तथा विशेष समितिबाट प्राप्त गर्न सक्नेछन । यस्तै ती संस्थाहरूले युनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय मार्फत युनेस्को प्रधान कार्यालय पेरिस, युनेस्को क्षेत्रीय व्यूरोहरू, युनेस्को काठमाण्डौबाट समेत प्राविधिक सहयोग प्राप्त गर्न सक्नेछन् ।

युनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयको सिफारिसमा नेपाल सरकारका निकायहरू अन्तर्राष्ट्रिय संस्था आदिबाट समेत प्राविधिक सहयोग प्राप्त गर्न सक्नेछन् ।

# अन्य

## ४.१. युनेस्को सम्वद्ध उपयोगी स्रोत तथा सम्पर्क सूत्र

युनेस्को विश्वमा शान्ति, प्रजातन्त्र, विकास र सम्वृद्धि निर्माण गर्नकालागि कार्यरत रहेको संस्था हो । यसलाई ज्ञानको पुस्तकालय र प्रयोगशाला पनि मानिन्छ । आजको सञ्चारको युगमा युनेस्को सम्वद्ध जानकारी इन्टरनेटबाट सजिलै प्राप्त गर्न सकिन्छन् । यहाँ केही उपयोगी स्रोत र ती सम्वद्ध वेभ पानाको ठेगाना नमूनाका रूपमा दिईएकोछ । यी वेभ पानामा प्रवेश गरेपछि अरू धेरै सम्वद्ध वेभ ठेगाना प्राप्त गर्न सकिने नै छ ।

- Children Activities in Asia-Pacific, UNESCO Bangkok, www.unescobkk.org/children_activities/
- DESD International Implementation Scheme in brief,
- http://unesdoc.unesco.org/images/0014/001473/147361E.pdf
- Education for All, www.unesco.org/education/efa
- ESD and Development Policy, http://unesdoc.unesco.org/images/0017/001791/179122e.pdf
- Education for sustainable development toolkit,
- http://unesdoc.unesco.org/images/0015/001524/152453eo.pdf
- Earth Charter Initiative, http://www.earthcharter.org
- Eco-schools, http://www.eco-schools.org
- First Collection of Good Practices for Quality Education, UNESCO Associated Schools, Paris, UNESCO, 2008 (ED-2008/WS/41),
- http://unesdoc.unesco.org/images/0016/001627/162766e.pdf
- Gender mainstreaming at UNESCO, www.unesco.org/women
- The Decade of Education for Sustainable Development at a glance,
- http://unesdoc.unesco.org/images/0014/001416/141629e.pdf
- Millennium Development Goals, www.un.org/millenniumgoals
- Nepal National Commission for UNESCO, http://nncu.org.np/
- Our Common Future, report from the United Nations World Commission on
- Environment and Development, Oxford, Oxford University Press, 1987. ISBN 0-19-282080-X: http://www.un-documents.net/wced-ocf.htm
- Policy Document on the Impact of Climate Change on World Heritage Properties, 2008, http://whc.unesco.org/en/CC-policy-document/
- Teaching and Learning for a Sustainable Future, http://www.unesco.org/education/tlsf/index.htm
- UNESCO Bangkok, www.unescobkk.org

- UNESCO Office in Kathmandu,
- http://www.unesco.org/new/en/kathmandu/about-this-office/contact-us/
- UNESCO Paris, www.unesco.org
- UNESCO's Response to HIV and AIDS, www.unesco.org/en/aids
- UNESCO and Biodiversity, www.unesco.org/mab
- UNESCO - Social and Human Sciences, www.unesco.org/shs
- UNESCO Associated Schools Project Network (ASPnet), www.unesco.org/education/asp
- UNESCO Associated Schools Strategy and Plan of Action (2004-2009),
- http://unesdoc.unesco.org/images/0015/001503/150352eo.pdf
- UNICEF publication "Climate change and children"
- http://www.unicef.org/publications/files/Climate_Change_and_Children.pdf
- United Nations Decade of Education for Sustainable Development,
- www.unesco.org/education/desd/
- United Nations, www.un.org
- United Nations Environment Programme, http://www.unep.org
- World Heritage, Case Studies on Climate Change and World Heritage, April 2007, http://whc.unesco.org/en/activities/473/
- Youth Activities of UNESCO Bangkok,
- http://www.unescobkk.org/resources/youth-activities-of-unesco-bangkok/


## ४.२. युनेस्को सम्वद्ध नेपालको सम्पर्क सूत्र

युनेस्को सम्वन्धमा नेपालमा निम्नलिखित ठेगाना तथा सम्पर्क नम्वर प्रयोग गर्न अनुरोध गरिन्छः

**Nepal National Commission for UNESCO**
Singhdurbar, Kathmandu, Nepal
Tel : +977-1-4200559 / 4200560 / 4200562
Fax : +977-1-4200561
Email : unesco@nncu.wlink.com.np
Website : www.nncu.org.np

**ASPnet National Coordinator, Nepal**
Nepal National Commission for UNESCO
Singhdurbar, Kathmandu, Nepal
Tel : +977-1-4200559 / 4200560 / 4200562
Fax : +977-1-4200561
Email : unesco@nncu.wlink.com.np
Website : www.nncu.org.np

**UNESCO Office in Kathmandu**

National Office to Nepal.
PO Box 14391
Sanepa-2, Lalitpur
Mail: kathmandu(at)unesco.org
Tel: +977-1-5554769, 5554396
Fax: +977-1-5554450

**National Federation of UNESCO Clubs, Centers and Associations in Nepal,**

……………………… , Kathmandu, Nepal
PO Box:
Tel. No. Fax No.

## ४.३. सन्दर्भ सामाग्री

युनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोगको विधान २०३१ (सातौं संसोधन सहित), २०७२ नेपाल सरकार, शिक्षा मन्त्रालय

*ASP Historical Reiview 1953-2003,* 2003, UNESCO Paris,

Davies, L., Harber, C. & Schweisfurth, M. (2003). *Global Review of UNESCO Associated Schools.* Birmingham: Centre for International Education and Research. (Retrieved from <www.unesco.org>)

Freedom of Expression Toolkit a guide for students, 2013, UNESCO Paris,

Lynn Davies, UNESCO Associated Schools Project Network (ASPnet) and Peace Education, www.unesco.org/education/asp

*Proposal for a UNESCO Associated Schools Charter*, NA, UNESCO

*Strategy and Plan of Action 2004-2009 Quality education in practice,* 2006, ASPnet International Coordination UNESCO Paris

UNESCO, *Basic Text*, (2000), UNESCO, Paris

*UNESCO and Sustainable Development,* 2005, UNESCO Paris

*UNESCO Associated Schools Guide for National Coordinators*, 2006, ASPnet International Coordination UNESCO, Paris

*UNESCO Associated Schools Second Collection of Good Practices Education for Sustainable Development,* 2009, UNESCO Paris

*UNESCO Associated Schools Third Collection of Good Practices Intercultural Dialogue in Support of Quality Education*, 2013, UNESCO Paris

*World Declaration on Education for All, World Conference on Education of All,* 1990, Jomtein Thailand.

*www.un.org*

*www.unesco.org*

www.unescobkk.org

www.nncu.org.np

## ४.४. अनुसूची

### अनुसूची १ - ए.एस.पी नेटमा आवद्धताको लागि फाराम

# Application for Participation

***Associated Schools Project (ASP)***

***for Promoting International Education***

UNESCO
Associated
Schools

**United Nations Educational Scientific and Cultural Organization**

Documentation: Language preferred (Please check)

ENGLISH ☐ FRENCH ☐ SPANISH ☐ ARABIC ☐

**Name of Institution:**

**Address :**

**Telephone No:**

**Fax No :**

**Email :**

**Type of institution :**

(Precise: Primary, Secondary, Teacher-Training Institutions, Vocational/Technical)

**Name of Principal :**

**Name and position of persons who will direct project :**

**Number of pupils in the institution :**

**Age range :**

**Number of teachers :**

**Outline of the way the Project will be implemented in the institution** (please use extra sheets if necessary)

**Description of the Project :**

**Objectives of the Project :**

**Execution**
**(e.g. through a specially designed course, through an existing course(s) or as an extracurricular activity) :**

**Type of materials to be used :**

**Is there any type of evaluation foreseen to examine the effects of the project on students' comprehension and attitudes?**

On behalf of my institution, I apply for participation in the UNESCO Associated Schools Project and give the assurance that this institution will make an active contribution to the Project, as outlined above, for a minimum period of two years. At the end of every year, I shall submit a report of the Project to the ASP National Co-ordinator of my country and to the UNESCO Secretariat.

| | |
|---|---|
| ----------- | ----------------------------- |
| **Date** | **Signature of Principal** |

**नमूना**

परियोजनाको नामः

## कार्य योजना

| क्र.सं. | कार्यहरू | जिम्मेवार निकाय / पदाधिकारी | सहयोगी निकाय, पदाधिकारी | समय | | अनुगमन सूचक | अनुगमनकर्ता | उपलब्धी |
|---|---|---|---|---|---|---|---|---|
| | | | | सुरु | सम्पन्न | | | |
| १ | परियोजनाकोनिधारित उद्देश्य प्राप्तिका लागि परियोजना प्रस्तावमा उल्लेख गरिएका कार्यक्रमहरू क्रमशः लेख्ने | कार्य सम्पन्न गर्न मुख्य जिम्मेवार निकायको नाम र पदाधिकारीको पद नाम लेख्ने | कार्य सम्पन्न गर्न कुन कुन निकाय वा पदाधिकारीबाट सहयोगको अपेक्षा गरिएको छ ति निकाय र पदाधिकारीको नाम लेख्ने | कार्य कहिले सुरू गर्ने हो सो मिति लेख्ने | कार्य कहिले सम्पन्न हुर्ने हो सो मिति लेख्ने | कार्य अनुगमन गर्ने सुचक के के हुन लेख्ने | कार्य अनुगमन गर्ने निकाय र पदाधिकारी तोकि लेख्ने | कार्य सम्पन्न भए पछि के प्राप्ति हुन्छ लेख्ने |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |